जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १, २०७९ साल वैशाख १६ गते शुक्रबार, नेपाल संवत् ११४२ (April 29, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## आयो मेलम्चीको पानी

काठमाडौं । मेलम्ची खानेपानी आयोजनाको पानी आइतबारबाट काठमाडौं उपत्यकामा वितरण सुरु भएको छ ।

खानेपानीमन्त्री उमाकान्त चौधरीले आइतबार बिहान नयाँबानेश्वरस्थित पानी वितरण केन्द्रबाट पानीको निकास खुला गरेसँगै पानी उपभोक्ताको धारामा पुगेको हो ।

गत वर्ष असार १ र १७ गतेको बाढीले मेलम्ची खानेपानी आयोजनालाई क्षतिग्रस्त बनाएपछि पानी आपूर्ति रोकिएको थियो । सफाइ र मर्मतपछि २९ चैतमा काठमाडौंतर्फ पानी पुनः पथान्तरण गरिएकामा आजबाट पानी वितरण थालिएको हो ।

## अब हप्तामा दुई दिन बिदा

काठमाडौं । मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले शनिबार र आइतबार बिदा दिने निर्णय गरेको छ । सरकारले हप्ताको दुई दिन परिक्षणको लागि बिदा दिने निर्णय गरेको जनाएको छ ।

मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले गरेको निर्णय बुधबार सार्वजनिक गर्दै नेपाल सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले उक्त जानकारी दिएका हुन । "हाललाई परिक्षणको रुपमा २०७९ जेठ १ गतेदेखि लागु हुने गरी बिहान ९.३० बजे साझ ५.३० बजेसम्म कार्यालय समय कायम गर्ने । शनिबार र आइतबार बाँकी ८ पेजमा

# अनुशासन र मर्यादा बिर्सेर गालीगलौजमा नेता




काठमाडौं । नेपाली कांग्रेसले गत आइतबार आसन्न चुनावको घोषणापत्र सार्वजनिक गऱ्यो । नेपाली कांग्रेसले सार्वजनिक गरेको घोषणापत्रको पृष्ठभूमिमा ओली सरकारको आलोचनामात्रै छ । ठूला दलले चुनावी घोषणापत्रमा जनताको मन जित्ने कार्यक्रम लिएर जानुपर्ने राजनीतिक अभ्यासलाई लत्याउँदै अहिले उनीहरू एकले अर्कोलाई तल्लोस्तरमा पुगेर गाली गर्दै आएका छन् । चुनावको मिति नजिकिँदै जाँदा त राजनीतिक दलहरू झनै लत्तो छाडेर एकअर्कोबीच आरोप–प्रत्यारोपमा ओर्लिएको देखिन्छ ।

कांग्रेसको घोषणापत्रमा 'नेकपा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली जनउत्तेजनाका व्यापारी हुन् । एमाले परमादेशबाट जन्मिएको पार्टी हो ।' भनेर लेख्यो । भोलिपल्टै एमाले अध्यक्ष ओलीले अप्रिय शैलीमा त्यसको जवाफ फर्काए । सोमबार पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीको २३औं स्मृति दिवसमा आयोजिक कार्यक्रममा ओलीले भने, 'कांग्रेसको घोषणापत्रलाई राजनीतिक दस्तावेजको दर्जा दिन सकिँदैन । पागलहरूको प्रलाप हो त्यो । मुख छाड्ने, गाली गर्ने तथानाम बाहेक केही पनि छैन ।'

ओलीको उक्त टिप्पणीपछि पनि देशका दुई प्रमुख दलका शीर्ष नेताहरूबीचको अराजनीतिक शैलीको आरोप–प्रत्यारोप सकिएन । अघिल्लो निर्वाचनबाट देशकै सबैभन्दा ठुलो दल बनेको एमालेका अध्यक्षले गालीगलौजको शैलीमा आफ्नो घोषणापत्रलाई 'पागलहरूको प्रलाप' भनेपछि कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले ओलीको आक्रोशपूण अभिव्यक्तिबारे निर्वाचन आयोगलाई ध्यानाकर्षण गर्ने बताए । त्यतिमात्रै होइन कांग्रेसले पत्रकार सम्मेलन नै गरेर ओलीको टिप्पणीको खण्डन पनि गर्यो ।

बुधबार कांग्रेसका महामन्त्री गगन थापाले ओलीलाई जवाफ फर्काउँदै भने, 'जसको मुखमा अंगार छ उसले कालै ओकल्छ । केपी ओलीको बोलीको खण्डन गर्नेलाई उहाँले पागल भन्नुहुन्छ ।' थापाले ओलीलाई तर्क मन नपर्ने भन्दै कुनै दिन अवसर मिलाएर बालकोटमै (अध्यक्ष ओलीको निवास) पुगेर ट्युसन पढाउनुपर्ने अवस्था आएको प्रतिक्रिया पनि दिए ।

त्यसअघि कांग्रेसकै अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि ओलीलाई लक्षित गर्दै कडै अभिव्यक्ति दिएका थिए । उनले समाजिक सञ्जालमा लेखेका छन् 'तपाईंले मंगलग्रहमा माछापालन र चन्द्रमामा च्याउ खेतीको सपना देखाउन मात्रै बाँकी राख्नुभएको छ । माफ गर्नुहोस् श्रद्धेय कमरेड, उडन्ते सपनाहरूको गफको पुलिन्दा लेख्न कांग्रेसलाई आएन ।' पछिल्लो चार दिनको अवधिमा नेपालका दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र एमालेका शीर्ष नेताहरूले दिएका यस्ता अभिव्यक्तिलाई स्थानीय तह निर्वाचनको संघारमा आम सर्वसाधारण र मतदाताले कसरी लिएका होलान, अनुमान लगाउन खासै गाह्रो छैन ।

पाँच पटक प्रधानमन्त्री भइसकेका देउवा, तीन पटक प्रधानमन्त्री भइसकेका ओली र सर्वधारणले भावी पुस्ताको रुपमा आशा गरेका कांग्रेसका महामन्त्रीद्वय शर्मा र थापाले राजनीतक संस्कार नै भुलेर तल्लो स्तरमा गाली गलौजमा उत्रिएपछि अहिले समाजिक सञ्जालमा चर्को बहस चलिरहेको छ ।

आफूलाई राजनेताको पगरी गुथाउने नेताहरूको बोल्ने शैलीमै अनुशासन छैन । राजनीतिक विश्लेषक एवं बुद्धिजीवीहरू पनि हाम्रा नेताहरूका स्तर खस्कदै गएको बताउँछन् । समाजको विकासका लागि निर्वाह गर्नुपर्ने भूमिकाबाट टाढिएर नेताहरू अहिले तल्लोस्तरमा गालीगलौजमा उत्रँदा त्यसले राजनीतिक संस्कार नै बिगार्ने उनीहरूको ठम्याई छ । ठूला नेताहरूले राजनीतिको गरिमा र आफ्नो स्तरलाई ख्याल नगर्दा त्यसले देशमा दृर्घकालीन असर पार्ने विश्लेषण उनीहरूको छ ।

नेपाललाई सिंगापुरजस्तो बनाउन सपना देख्नेले त सिंगापुरको जस्तो सरकार गठन गरेर देखाए पत्यार हुने थियो । तर सत्ता सञ्चालन वा स्थानीय निर्वाचनमा उम्मेदवारीको टिकट भागबन्डादेखि राजदूत नियुक्तिसम्मका चरित्रमा श्रीलंकाको पारिवारिक सरकार बनाएको सिको देखापरिरहेकाले नेपाललाई वर्तमान श्रीलंकाको गतिमा घिसार्ने काम भइरहेको देख्नु बढी नहोला ।

पाँच पार्टीको सत्ता-गठबन्धनपछि स्थानीय तहको निर्वाचनमा पनि 'चुनावी गठबन्धन' गर्नु लोकतान्त्रिक गणतन्त्रको चारीत्रिक रूपमा एउटा प्रतिबिम्ब होला जसले के प्रमाणित गर्छ भने नेताहरू सत्ता र स्वार्थका लागि सिद्धान्त र नैतिकताका सम्पूर्ण पोशाक फुकालेर दिनदहाडै हाकाहाकी अनमेल र अपवित्र गठबन्धन गर्न सरम मान्दैनन् ।

वास्तवमा जनस्तरका आवश्यकता, आकांक्षा र स्थानीय विकास गतिविधिका लागि नेतृत्व निर्वाचन गर्ने कार्यमा राजनीतिक गठबन्धन गर्नु नै विवादित कुरा हो तर स्वार्थको धोको र बेइमानीको धोकाको 'गणतन्त्रवादी राजनीति' निर्वाध चलिरहेको छ नेपालमा ।

नेपालका सबैजसो ठूला र जिम्मेवार हुनुपर्ने पार्टीहरूले टुट र फुट भोगिसकेका छन् । कम्युनिस्टहरूमा सन्धिभन्दा विग्रह शक्तिशाली हुने गरेको पछिल्लो घटना हो, नेकपा-एमाले र माओवादीको 'एकता' तीन वर्षभन्दा बढी नटिकेर दुई फ्याकमात्र भएन, एमाले नै फुटेर नेकपा (एकीकृत समाजवादी) बाँकी ८ पेजमा

## थोरै तालमेलसहित एक्लै भिड्दै एमाले

काठमाडौं । संसद्को ठूलो दल एमालेले सबैभन्दा बढी स्थानीय तहको प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिएको छ। सात सय ५३ स्थानीय तहमध्ये सात सय ५० तहमा प्रमुखका लागि उम्मेदवारी दिएको एमालेको दाबी छ। तर, निर्वाचन आयोगको पछिल्लो तथ्यांकअनुसार एमालेका तर्फबाट मेयरमा दुई सय ९० र अध्यक्षमा चार सय ४६ जनाको उम्मेदवारी परेको छ। आयोगको अन्तिम विवरण भने आउन बाँकी छ ।

डोल्पाको से फोक्सुन्डो गाउँपालिकामा एमालेका तर्फबाट अध्यक्ष निर्विरोध निर्वाचित भएका छन्। डोल्पाकै दुई स्थानीय तहको प्रमुखमा एमालेले उम्मेदवारी दिएको छैन। बागमती र लुम्बिनीका केही पालिकामा एमालेसँग तालमेल गरेको माओवादी उम्मेदवार सूर्य चिह्न लिएर उठ्दै छन्। बाँकी ८ पेजमा

## कालोसूचीमा परेकाको उम्मेदवारी रद्द हुने

काठमाडौं । देशभरका निर्वाचन अधिकृतले आज दिउँसोसम्म समानुपातिकतर्फ बन्दसूचीमा रहेकाहरूको नाम नहटेमा उम्मेदवारी मनोनयनपत्र अस्वीकार गर्ने भएका छन् । निर्वाचन आयोगले बिहीबार अपरान्हसम्म बन्दसूचीबाट नाम हटेमा मनोनयन स्वीकार गर्न देशभरका निर्वाचन अधिकृतहरूलाई निर्देशन दिएको हो ।

त्यसैगरी विभिन्न कारणले कालोसूचीमा परेका ४० हजारमध्ये कोहीले मनोनयनपत्र दर्ता गरेको भए त्यो समेत रद्द हुनेछ । निर्वाचन कानुनमा उम्मेदवारी दिने योग्यता नपुग्ने विषयलाई आधार बनाएर कालोसूची तयार गरिएको हो । अदालतबाट पाएको सजाय भुक्तान नभएका, बैंकको ऋण नतिरेकाहरू कलोसूचीमा पर्ने छन् ।

आयोगले दलहरूको समानुपातिक बन्दसूचीमा रहेकालाई कालोसूची भनेको छैन, बरु उनीहरूको नाम नै स्वीकार नहुने गरी सफ्टवेयर तयार पारेको छ ।

मनोनयनपत्र दर्ता गर्नुअघि मात्रै समानुपातिकको बन्दसूचीबाट नाम हटेमा मान्यता दिने निर्णय गरेको निर्वाचन आयोगले अब भने दावीविरोधमाथि छानविन गर्ने अन्तिम दिनसम्म त्यसलाई खुला राख्ने निर्णय गरेको छ । दलहरूले मनोनयनपछि समेत बन्दसूचीबाट नाम हटाउन निर्णय गरेर आयोगमा पत्र पठाइरहेका छन् ।

२०७४ सालको निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा भाग लिएका दलहरूले निर्वाचन आयोगमा समानुपातिक तर्फको बन्दसूची बनाएका थिए । बन्दसूचीमा रहेकाहरू सांसद निर्वाचित नभए पनि उनीहरूको नाम अहिले पनि त्यो सूचीमा हटेको छैन । निर्वाचन कानुन अनुसार, उनीहरूले अहिले मनोनयन दिन पाउँदैनन् ।

दलहरूले त्यतिबेला बुझाएको बन्दसूचीमा रहेका उम्मेदवारहरूको नामावली सफ्टवेयरमा राखेको छ । मतदाता नामावली नम्बरसहित राखिएको त्यो सूचीमा नाम रहेकाहरूले अहिले फेरि मनोनयन दर्ताका क्रममा नाम इन्ट्री गराउन खोजे सफ्टवेयरले नै त्यसलाई स्वीकार गर्दैन ।

पछिल्लो पाँच वर्षको अवधिमा एमालेसहित केही प्रमुख दलहरू फुटेका छन् । मुल दलबाट बन्दसूचीमा रहेकाहरू अहिले अर्को दलमा सक्रिय छन्, तर त्यतिबेलाको बन्दसूचीबाट नाम हटेको छैन ।

बन्दसूचीबाट नाम हटाउन सम्बन्धित व्यक्ति होइन, दलकै सिफारिस चाहिन्छ । अहिले उम्मेदवार बन्न खोज्ने कतिपयले पुरानो दलको सहयोगमा मात्रै बन्दसूचीबाट नाम हटाउनुपर्ने हुन्छ, जुन व्यावहारिक रुपमा असम्भवजस्तै छ ।

आफ्नै दलमा रहेका अनि अहिले स्थानीय तहमा उम्मेदवारी दिन खोजेका कतिपय कार्यकर्ताहरूलाई प्रमुख दलहरूले बन्दसूचीबाट नाम हटाउन सहयोगसमेत गरेका छन् । उनीहरूले मनोनयन सुरु गरेपछि समेत निर्वाचन आयोगमा बन्दसूचीबाट नाम हटाइदिन पत्र पठाएका छन् ।

निर्वाचन आयोगले आज अपरान्ह दावीविरोधमाथि छानविन गरेर नामावली प्रकाशन गर्नेछ । बाँकी ८ पेजमा

## चक्रपथको दोस्रो खण्ड विस्तार सुरू

काठमाडौं । चिनियाँ सरकारले निःशुल्क अनुदानमा निर्माण गरिदिने घोषणा गरेको चक्रपथ सडकअन्तर्गत दोस्रो खण्डको विस्तारको लागि अब भने साइट क्लिअरको काम सम्पन्न भएको छ ।

स्वयम्भू र सानो भर्याङमा रहेका दुईवटा ६६ केभीको बिजुलीका टावर नेपाल विद्युत् प्राधिकरणले हटाएसँगै अब दोस्रो खण्ड विस्तारका लागि चिनियाँ पक्षलाई काम सुरु गर्न बाटो खुला भएको हो ।

प्राधिकरणले टावरका लागि आवश्यक उपकरण दोस्रो मुलुकबाट आयात गरी हटाएसँगै दोस्रो खण्डको चक्रपथ विस्तारका लागि साइट क्लियरिङको काम लगभग सम्पन्न भएको हो । अब स्वयम्भू मन्दिर आसपासको स्थानबाहेक सबै ठाउँमा साइट क्लियरिङको काम सम्पन्न भएको हो । बाँकी ८ पेजमा

## भैरहवामा वाइडबडी जहाज अवतरण हुँदै

काठमाडौं । मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा वाइडबडी ए-३३० जहाजले उडान भर्दैछ ।

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को वाइडबडी जहाजले गौतमबुद्ध विमानस्थलमा 'अप्रेसनल पर्फमेन्स टेस्ट फ्लाइट' गर्न लागेको हो । उक्त प्रयोजनका निम्ति निगमको वाइडबडी जहाज दिउँसो ३ बजे त्रिभुवन बाँकी ८ पेजमा

## लोडसेडिङले व्यवसायी चिन्तित

काठमाडौं । कोभिडले थला परेको उद्योगी व्यवसायी विस्तारै चलायमान हुन थाले पनि अघोषित लोडसेडिङको मारमा परेका छन् । अघोषित रुपमा लोडसेडिङ, लो भोल्टेज, ट्रिपिङलगायतका समस्याका कारण रुपन्देहीका दर्जन बढी उद्योगको उत्पादन बन्द गर्नुपर्ने अवस्थामा पुगेका हुन् ।

विद्युत अनियमित हुँदा यहाँका उद्योगी, व्यवसायी मात्रै होइन सर्वसाधरण पनि सहज ढंगले काम गर्न पाएका छैनन् । अत्यधिक गर्मीबीच अघोषित रुपमा भइरहेको लोडसेटिङले आमनागरिकको जीवन पनि कष्टकर बन्दै गएको छ ।

दिनको समयमा पनि पटक–पटकको ट्रिपिङ, लो भोल्टेजको कारण उद्योगमा उत्पादनमा रहेका कच्चा पदार्थ बिग्रने, उत्पादन गर्न नसकेकाले बजारमा मालवस्तुको अभाव हुने तथा अन्य विविध प्रकारका नोक्सानी व्यहोर्नुपरेको व्यवसायीहरू बताउँछन् ।

## १० वस्तु आयातमा प्रतिबन्ध

काठमाडौं । विदेशी मुद्राको सञ्चितिमा चाप परे पछि सरकारले १० वस्तुको आयातमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ। आयात घटाएर विदेशी मुद्राको सञ्चिति घट्ने क्रम रोक्न सरकारले यस्तो निर्णय गरेको हो । प्रतिवन्ध लगाएका वस्तुमा मदिरा, मोटरसाइकल, कार जीप भ्यान, हिरा, टेलिभिजन लगायतका वस्तु छन् । आयात बन्द गरेका वस्तुमा कुरकुरे, कुरमुरे, सबै प्रकारका तयारी मदिरा, चुरोट तथा सुर्तीजन्य वस्तु, हिरा, मोबाइल सेट, रंगिन टेलिभिजन (३२ इञ्चभन्दा माथि), जीप, कार र भ्यानहरू (एम्बुलेन्स र शवबाहन बाहेक), २५० बाँकी ८ पेजमा

## ६ खर्बको विकास आयोजना ठप्प

काठमाडौं । निर्माण व्यवसायीले मूल्य समायोजनलगायत माग राखेर 'कन्स्ट्रक्सन होलिडे' गरेपछि ६ खर्ब बराबरको विकास आयोजनाको काम रोकिएको छ ।

निर्माण व्यवसायी महासंघको नेतृत्वमा निर्माण सामाग्रीको मूल्य अत्यधिक बढेको भन्दै आइतबारदेखि व्यवसायी हडतालमा उत्रिएका हुन् । निर्माण व्यवसायीको हड्तालका कारण ६ खर्बका ३ हजार ७ सय आयोजनाको काम रोकिएका छन् ।

निर्माण व्यवसायीले बिमा निर्देशिका २०७८ खारेज हुनुपर्ने, सार्वजनिक खरिद नियमावलीको ११औं संशोधनमा रहेको विभेदकारी व्यवस्था हटाउनुपर्नेलगायतका माग गरेका छन् । उनीहरूले यसअघि बिमा समितिको बाँकी ८ पेजमा

## राष्ट्रिय पहिचानको अर्थ

**समय सन्दर्भ**

● **अमूल्य थारु**

राष्ट्रवाद र प्रजातन्त्र दुवैलाई उत्तिकै सम्मान गर्ने असल नेतृत्व स्थापित हुन सकेन भने कथित परिवर्तन आफैंमा अभिशाप सिद्ध हुन्छ । नेपालमा २०६२।६३ सालको परिवर्तन आफैंमा अभिशाप ठहरिएको छ । यसले जनतामा उत्साह, उमंग र आशा जगाउन सकेन । 'ढिँडो खानेहरू भुजा ज्यूनार' गर्न थाले । झुप्राहरूबाट महलमा बसाइँ सर्ने केही सीमित व्यक्ति गणतन्त्रप्रति सन्तुष्ट देखिए तर बाँकी जनता तातो तावाबाट भुङ्ग्रोमा परेको अनुभूति गरिरहेका छन् ।

राष्ट्रप्रतिको पूर्णतः बफादारी र समर्पण हो- राष्ट्रवाद । पहाडवाद, मधेशवाद, उपत्यकावाद, हिमालवाद वा जातिवादको तुलना राष्ट्रवादसँग हुनै सक्दैन । राष्ट्रवाद बृहत्तर र उदात्त चिन्तनको बलियो धरातल हो । तर प्रधानमन्त्री हुनेहरूले पनि नेपाली राष्ट्रवादको निहीतार्थ बुझ्न सकेनन् । त्यसैले उनीहरू दिल्लीकी एउटी क्याथोलिक विधवाको आज्ञाकारी सेवक बनेर गणतन्त्रको माला जपिरहेका छन् ।

नक्कली कुरा गर्नेलाई जनताले पत्याउँदैनन् । पुलाउ र बँदेलको मासु खाएको गफ गर्ने र एकैछिनमा ढिँडो गुन्द्रुक वान्ता गर्नेहरू धेरै छन् । शाखा अधिकृत परीक्षामा समेत फेल भएका अयोग्यलाई दरबारले प्रधानमन्त्री बनायो तर राष्ट्र संकटमा पर्दा ती मैदान छोडेर भागे । कृतघ्न ठहरिए । राष्ट्रिय पहिचानका पक्षमा उभिएनन् ।

विश्व प्रसिद्ध विद्वान् फ्रान्सिस फुकुयामाको ठहर छ, 'राष्ट्रिय पहिचान र राष्ट्र निर्माण एकअर्काका परिपूरक हुन् ।' नाइजेरियाको उदाहरण दिँदै उनले एउटा अनुसन्धानात्मक लेखमा भनेका छन्, जातीय पहिचान मात्रै खोज्दा राष्ट्रिय पहिचानको अस्तित्व संकटमा पर्न सक्छ । सोभियत संघ टुक्रिनुमा पनि जातीय पहिचानको उन्माद प्रमुख कारकतत्व भएको उनको तर्क छ । स्पष्ट छ, सोभियत संघ टुक्राटुक्रा भएपछि त्यहाँका प्रायः सबै राज्य अनाथजस्ता बनेका छन् ।

भ्रष्ट, अकर्मण्य, दास र दृष्टिहीन कथित नेताहरूका भरमा राष्ट्रको भविष्य सुम्पिने तपाईं हामी आफैं मूर्ख हौं कि होइनौं ? के आज देशमा प्रजातान्त्रिक शासन छ ? विधिको शासन छ ? सुशासन र पारदर्शिता छ ? कूटनीतिक मर्यादा छ ? स्थानीय सरकारमा जनताको प्रतिनिधित्व छ ? संसद छ ? संसदले चुनेको सरकार छ ? सरकार जनताप्रति उत्तरदायी छ ? जनताका जल्दाबल्दा समस्याप्रति सरकार संवेदनशील छ ? जनतामा दलहरूप्रति आस्था र विश्वास बाँकी छ ? नेपालबारे नेपालीले नै निर्णय गर्ने हक सुरक्षित छ ? छैन । त्यसो भए यो लोकतन्त्र हो कि पराइतन्त्र ? यो सुशासन हो कि दुशासनहरूको कुशासन ? जनताले प्रश्न गर्नुपर्छ । जनता बोल्नुपर्छ । जाग्नुपर्छ । उठ्नुपर्छ । विदेशी षड्यन्त्रकारी र तिनका आज्ञाकारी दासहरूको सशक्त विरोध गर्नुपर्छ । विदेशीले उचाल्दा मात्र 'जनआन्दोलन' गर्ने ज्युँदा लासहरूले अब आफैंलाई चिमोट्नुपर्छ । ज्युँदै छन् भने लाखौं जनता मिलेर सडकमा आउनैपर्छ ।

स्यामुअल पी. हन्टिङटन र रबर्ट डि. काप्लान लगायतका विद्वान्ले सभ्यता एवं पहिचानको लडाइँ, जनसंख्या विस्फोट, प्राकृतिक स्रोत साधनमा झगडा तथा उग्र जातिवादले देश कमजोर हुन्छ भनेका छन् । राष्ट्रवादी चेतनाको अभावमा राष्ट्रिय पहिचान कमजोर हुने, जातीय द्वन्द्व बढ्ने र लामो संक्रमणकालमा अरुले खेल्न सक्ने चेतावनी दिएका छन् । मोल्दोभा, अर्मेनिया, बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# स्थानीय निर्वाचन र मनोनयन

स्थानीय निर्वाचनमा मनोनयन दर्ताको कार्यसँगै चुनावी सारगर्मीको सुरूवात भएको छ । विभिन्न दलले मतदान अधिकारीको कार्यालयमा बाजागाजा र जुलुससहित आ–आफ्ना पार्टीका झण्डा बोकेर गएर मनोनयन गराएका छन् । यसका लागि कार्यालय समयभित्र दर्ता गर्ने भनेर तोकिएको भए पनि राति ११ बजेसम्म उम्मेदवार लाइनमा बसेर मनोनयन दर्ता गरे । यसरी गरिएको मनोनयनमा पार्टीका आधिकारिक उम्मेदवारका साथसाथै केही बागी तथा केही च्याखे उम्मेदवारी परेका छन् । सरकारमा रहेका पार्टीले विभिन्न ठाउँमा तालमेल गरेर मनोनयन दर्ता गरेका छन् भने सहमति हुन नसकेका ठाउँहरूमा छुट्टाछुट्टै मानोनयन दर्ता भएका छन् ।

पहिलेदेखि नै केही ठाउँका मनोनयन भने आफू जित्न होइन अर्को कुनै आधिकारिक उम्मेदवारको मत काटेर हराउन दर्ता गर्ने गराउने गरिन्छ । यसो नगर बरू म तँलाई केही आवश्यक अन्य सहयोग गर्छु भनोस् र केही पैसा उसबाट उम्काउन सकिन्छ कि भनेर पनि स्वतन्त्र उम्मेदवारी दर्ता गर्ने गरिन्छ । तपाईं कृपया यसो नगर्नुस् फिर्ता गर्नुस् भनेर आधिकारिक उम्मेदवारले अनुरोध गर्दा हुन त हुन्थ्यो तर मेरो यति रूपैयाँ खर्च भइसकेको छ के गरौं भनेर हुँदै नभएको खर्चको काल्पनिक विवरण उम्मेदवारलाई पेश गरिन्छ र उसलाई उक्त रकम दिन बाध्य पारिन्छ । आफ्नो विजय सुनिश्चित गर्न उसले पेश गरेको विवरण काल्पनिक हो भन्ने जानेर पनि उसको मागबमोजिको रकम दिन उम्मेदवार बाध्य हुन्छ ।

यस पटकको मनोनयनमा पनि यस्तो उद्देश्य राखेर केही मनोनयन भएका छैनन् भन्ने ग्यारेन्टी छैन । तालमेललाई मन नपराउनेले र पार्टीको विजय सुनिश्चित भएका ठाउँहरू अरूलाई छोड्नुपरेकाले धेरै स्वतन्त्र उम्मेदवारी परेका छन् । पोखरा महानगरपालिका र भरतपुर महानगरपालिकामा स्वतन्त्र उम्मेदवारहरूको जुन लर्को देखियो त्यो यसको दृष्टान्त हो । ६ वटै महानगरपालिकामा गठबन्धनका पार्टीहरू तालमेल गरेर गएका छन् तर नेता कार्यकर्ता मतदाताहरूको चित्तबुझाइ छैन । त्यसं कारण स्वतन्त्र उम्मेदवारको लर्को यी ठाउँहरूमा लागेको छ । वर्चश्व बढी भएका ठाउँमा कम वर्चश्व भएकालाई पन्साउने कार्य भएको छ । कतै निर्विरोध भएका समाचार आएका छन् । यस्ता घटना अपवाद हुन् ।

कतै झडप भएको छ त्यो पनि आफूआफूमै । निर्वाचनका समयमा देखिने यस्ता घटनालाई छिटपुट घटना मान्न सकिएला तर सबै घटनालाई स्वाभाविक मान्न सकिँदैन । निवर्तमान पदाधिकारीकै मनोनयन खारेजीमा परेका, हेलिकप्टर चढेर मनोनयन गर्न गएका नेतालाई आफ्नै कार्यकर्ताले लखेटेका घटना यसपटक देखिन आएका छन् । नेकपा माओवादी केन्द्रले ६० प्रतिशत नगरपालिकामा गठबन्धन भएको जनाएको छ । यसमा सत्यता होला तर गठबन्धन उसको माग भएकाले केही अतिरञ्जना भएको हुनसक्ला कि भन्नसम्म सकिएला । तर, त्यसले त्यति फरक पार्ने होइन । सत्ता गठबन्धन जसले गठबन्धनको निर्णयविपरीत उम्मेदवारी दर्ता भए फिर्ता हुन्छ भनेको छ ।

तर उसले भने जसरी सत्तागठबन्धनविपरीत धेरै उम्मेदवारी दर्ता भएका छन् । उम्मेदवारी फिर्ता गर्न तोकिएको म्यादसम्म तिनको घुर्की हुनसक्छ तर उक्त म्याद सकिएपछि पनि त्यास खालका मनोनयन कायम रहिरहे भनेमात्र गठबन्धन वा निर्देशन नमान्नेलाई कारबाही होला नत्र त्यसरी स्वतन्त्र रूपमा मनोनयन दर्ता गर्नेको चित्त दुखाइ होला र त्यसो गरेको हो कि भन्ने ठानेर उनीहरूको भावनाको सम्बोधन आवश्यक हुन्छ । कार्यकर्ता वा स्थानीय तहका नेताहरूको भड्काउ पार्टी कमजोर बन्न जाने एउटा कारण हो । पार्टीहरूले यसतर्फ ध्यान दिनैपर्छ ।

# WTO मा नेपालको दुईदशक : हात लाग्यो माइनस



**सुरेन्द्र ढकाल**

कुनै काम गरेर नतिजा आएन भने नेपाली भाषामा गर्‍यो गर्‍यो अन्तमा हात लाग्यो शून्य भन्ने उखान छ। व्यर्थको काम गर्दा मानिसहरू यो उखानलाई सम्झने गर्छन्। तर विश्व व्यापार संगठन याने World Trade Organization (WTO) मा नेपालको सदस्यताले नेपालको अर्थतन्त्रलाई शून्यबाट पनि तल झरेर माइनसको अवस्थामा पुऱ्याएको छ। यही मौकामा मानिसहरू अब नेपाल पनि श्रीलंकाको बाटोमा लाग्यो भनेर नेपालको भविष्य नरहेको भविष्यवाणी गर्न थालेका छन्। आखिर यस्तो अवस्था किन आयो त ? त्यही चीनले विश्व व्यापार संगठनको सदस्य बनेर सस्तो गुणस्तरीय वस्तु विश्व बजारमा निर्यात गरी गरेको व्यापार वचतबाट चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र बन्न गयो भने त्यही संगठनको सदस्य लिएको नेपाल किन ठूलो व्यापारघाटा भएको देशमा परिणत भई असफल अर्थतन्त्रको बाटोमा अगाडि बढ्यो त ?

**पृष्ठभूमि**

सन १९९० को दशकमा सोभियत संघको पतन नहोउञ्जेल विश्व कुटनीतिमा सहयोग र विकासको (Development Cooperation) को राजनीति कायम थियो। नेपाललगायत सबै देशहरू आफ्नो उत्पादन र बजार संरक्षण (Protectionism) मा लागेका थिए। आफ्नो उत्पादनको स्वदेशी बजार संरक्षण गर्न कि त त्यस्तो वस्तुको आयातलाई रोकिन्थ्यो कि त त्यस्तै विदेशी वस्तुलाई बेस्सरी भन्सार लगाई त्यसलाई महँगो बनाइन्थ्यो। जसको कारण कम पैसा भएका मानिसहरू स्वदेशी वस्तु मात्रै प्रयोग गर्न बाध्य हुन्थे र देशको उद्योग चलिरहेको थियो। त्यही उद्योगहरूले तिरेको अन्तशुल्कबाट सरकारले राजस्व उठाइ देश चलाइरहेको थियो।

तर सोभियत संघको पतनसँगै विश्व एक ध्रुवीय भएपछि त्यही अमेरिका र पश्चिमा मुलुकहरूले अब सहयोगको कुटनीति होइन व्यापारको कुटनीति (Trade not Aid) भन्न थाले। उत्पादन बढाउ, निर्यात गर अनि त्यसबाट कमाएको पैसाले धनी होउ भन्दै उनीहरूले विश्वका देशहरूलाई विश्व व्यापार संगठनको सदस्य बन्न उत्साहित गरे। त्यति मात्रै कहाँ हो र उनीहरूले त कम विकसित राष्ट्रहरूको उत्पादनलाई आफ्नो बजारमा शून्य भन्सार दरमा प्रवेश गर्न दिने प्रतिबद्धता समेत जाहेर गरे। जसलाई Generalized System of Preference (GSP) याने सौविध्यपूर्ण व्यापारिक प्रणाली अन्तर्गतको सुविधा भनिन्छ।

यसरी विकसित देशहरूको बजारमा आफ्नो उत्पादनले GSP सुविधा पाई भन्साररहित प्रवेश पाउने भएपछि नेपाललगायत विश्वका विभिन्न देशहरू आँखा चिम्लेर WTO को सदस्य बन्नतर्फ लागे।

नेपाल WTO को सदस्य भएको अहिले दुई दशक पुग्दा नेपाल संसारकै ठूलो व्यापारघाटा भएको देश बन्न पुग्यो र यसको अर्थतन्त्र असफलतातर्फ अगाडि बढिरहेको छ। यस्तो आखिर किन भयो त ?

कारणहरू यस प्रकार छन :

**१) वस्तु निर्यातभन्दा युवायुवतीको निर्यात प्राथमिकतामा पर्नु :**

WTO मा सदस्य भएपछि नेपालले आफ्नो सबै ध्यान उत्पादन वृद्धितर्फ केन्द्रित गरी आयात प्रतिष्थापन गर्दै निर्यात प्रवर्द्धन गर्नुपर्ने थियो। यसको लागि देशमा भएका उद्योगहरूलाई व्यवस्थित र उत्पादनशील





तरिकाबाट संचालन गरी आम रूपमा नयाँ उद्योगहरू खोल्नेतर्फ सरकारको लगानी र लगानी संरक्षण नीति लागु हुनुपर्ने थियो। तर सरकारले सजिलो बाटो अपनायो। त्यो भनेको उदारवादको नाममा सरकारले सबै उद्योगहरू एकपछि अर्को गर्दै कौडीको मूल्यमा निजी क्षेत्रलाई बिक्री गरिदियो। अनि निजी क्षेत्रले त्यस्ता उद्योगहरू व्यवस्थित र उत्पादनशील तरिकाबाट संचालन नगरी उद्योग बन्द गरी त्यसको जायजेथा बिक्री गरी पलायन भए। जसको कारण देशमा आम रूपमा बेराजगारी बढ्न गयो र युवायुवतीहरू विदेसिई रगत पसिना अनि शरीर बिक्री गर्न बाध्य हुन पुगे। यस्ता युवायुवतीहरूले विदेशमा गई फोहोरी, कठिन र खतरनाक काम (3Ds = Difficult, Danger and Dirty) गरी कमाइ पठाएको विदेशी मुद्राबाट आयात गरी त्यसबाट उठेको भन्सार राजस्वबाट देशको अर्थतन्त्र चलाउनुपर्ने बाध्यतामा देश पुग्यो। देशको उत्पादनबाट नभई आयातबाट उठेको भन्सारबाट मात्रै देशको अर्थतन्त्र चल्ने भएपछि अनि व्यापारघाटा चुलिने नै भयो।

**२) निर्यातजन्य वस्तुहरूलाई हतोत्साह गर्नु :**

उदारवादको नाममा सरकारबाट संचालित स्वदेशी उद्योगहरू कौडीको मूल्यमा बिक्री गरी त्यसले पनि नपुगेर सरकारले निर्यातलाई हतोत्साह गर्न निर्यातबाट आर्जन गर्ने कमाइमा करको बोझ थपिदिँदा नेपाली वस्तुहरू विदेशी बजारमा अरु देशका त्यही वस्तुहरूभन्दा महँगो हुन पुग्यो र निर्यात क्रमशः घटन थाल्यो। उदाहरण गलैंचा उद्योगकै लिन सकिन्छ। यो उद्योग सन १९९३।९४ मा प्रत्यक्ष र अप्रत्यक्ष गरी १२ लाख कामदारलाई काम दिई एकै वर्षमा ३३ लाख वर्गमिटर गलैंचा निकासी गरी देशको लागि विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत बन्न पुगेको थियो। एकातिर GSP सुविधा र अर्कोतर्फ घरेलु उद्योगमा दर्ता भएको कारण गलैंचा उद्योग कर मुक्त थियो। यही कारण नेपाली गलैंचा संसारका अरु देशका गलैंचाभन्दा सस्तो र गुणस्तरीय हुन पुगेको थियो। तर गलैंचा उद्योगलाई घरेलु उद्योगबाट हटाइ ठूलो उद्योगको कोटीमा लगी निर्यातबाट आर्जन गरेको आयमा कर लगाउने सरकारी गलत नीतिको कारण एकाएक नेपाली गलैंचाको उत्पादन लागत बढ्न गई विदेशी बजारमा नेपाली गलैंचा महँगो हुन पुग्यो। जसको फलस्वरूप ३३ लाख वर्गमिटरको वार्षिक आयात घट्दै गई झण्डै ५ लाख वर्गमिटरमा ओर्लियो र त्यसको ठाउँमा भारतमा उत्पादित इन्डो नेपाल ब्राण्डको गलैंचा स्थापित हुन पुग्यो। नेपाली गलैंचाको अन्तर्राष्ट्रिय बजार भारत र अन्य देशले खोसे अनि नेपाल व्यापारघाटा बेस्सरी चुलिन सुरु भयो।

**३) WTO को नियमअनुरूप काम गर्न नसक्नु :**

WTO बाट फाइदा लिन (१) स्वदेशी उत्पादन वृद्धि गर्नुपर्नेमा सो गर्न नसकेको, (२) उत्पादन वृद्धि गरी निर्यातलाई प्रोत्साहन गर्नुपर्नेमा सो पनि गर्न नसकेको कुरा माथि उल्लेख भइहाल्यो। अनि तेस्रो कुरा भनेको चाहिँ नेपालमा उत्पादन भई निर्यात हुने वस्तुको Trade Related Intellectual Property Right (TRIP) लिन नसकेको कारण छिमेकी देशले नेपालको नाम जोडी आफ्नो वस्तु उत्पादन गरी विदेशी बजारमा बिक्री गर्दा एकातर्फ नेपाल मूक दर्शक भएर बस्नुपर्ने स्थिति र अर्कोतर्फ WTO को नियम विपरीत कुनै WTO को सदस्य देशले नेपालमा उत्पादित वस्तुलाई Anti Dumping Law अन्तर्गत अतिरिक्त भन्सार लगाउँदा समेत नेपालले WTO को न्यायालय भनेर चिनिने Dispute Settlement Board मा मुद्दा हाल्न नसक्नुले नेपालको निर्यात व्यापार झनै खस्कन पुग्यो। यी सबै कुराले के इंगित गऱ्यो भने नेपालले बिना राम्रो तयारी WTO को सदस्यता लिएको रहेछ र सोही कारण नेपालको अर्थतन्त्र दुर्गतिमा नराम्ररी फस्न पुग्यो र नेपाल भन्ने देश संसारकै ठूलो व्यापारघाटा भएको देश बन्न पुग्यो भन्ने स्पष्ट भयो। WTO को सदस्यता नेपालको लागि हात लाग्यो शून्य मात्रै नभई सदस्यताको २० वर्षमा हात लाग्यो माइनसको स्थितिमा आएको छ। अब पनि नेपालले आन्तरिक उत्पादन वृद्धिमा ध्यान केन्द्रित नगरी आयात प्रतिष्थापन र निर्यात प्रवर्द्धनको बाटो नलिई अझै पनि हुण्डिबाट प्राप्त विदेशी मुद्राबाट आयात गरी उठेको भन्सार राजस्वबाट देश चलाउँछु भनी सोच्छ भने नेपाल भन्ने देश




छिटै कंगाल बन्ने निश्चित छ। अहिलेको नेपालको अवस्था भनेको आयात रोकौं भने भन्सार राजस्व ठप्प भई देश चलाउने पैसा छैन, आयात खोलौं भने विदेशी मुद्राको संचिति घटदै गएर दुई महिनाको आयात धान्न नसक्ने अवस्थामा देश पुग्ने अवस्था आइसकेको छ।

अब देशलाई टाट पल्टनबाट जोगाउने हो भने निम्न कार्यहरू तुरुन्त गर्नुपर्छ :

१) पेट्रोल, डिजेल, ग्यास, कोइला अनि मट्टीतेलको प्रयोग कम गर्दै देशमा उत्पादित बिजुलीको प्रयोग कडाइका साथ लागू गर्ने।

२) मोटर, कार बस ट्रक सबै यातायातका साधनहरू सम्भव भएसम्म विद्युतबाट चल्ने व्यवस्था कडाइका साथ लागू गर्ने। साइकलको प्रयोगलाई व्यापक गर्ने।

३) नेपालमा उत्पादन हुने सबै प्रकारका वस्तुहरूको आयात क्रमशः नियन्त्रण गर्दै लाने र आन्तरिक उत्पादन वृद्धिमा व्यापक लगानी गर्ने। त्यस्तो लगानीको संरक्षणमा सरकार खटने।

४) विलासिताका वस्तुहरूमा अधिक भन्सार दर तोक्ने त्यसका लागि WTO को सदस्यता त्याग्नुपर्छ भने त्याग्ने।

५) विदेशी विश्व विद्यालयमा पढन चाहने नेपाली विद्यार्थीहरूलाई स्वदेशमा नै पढन उत्साहित गर्ने। मान्दैनन् भने विदेशी मुद्राको सटही सुविधामा उनीहरूको लागि उच्च दरको कर तोक्ने।


५) विदेश घुम्न जाने नेपालीहरूको लागि उच्च करसहितको विदेशी मुद्रा सटही सुविधा दिने, आन्तरिक पर्यटनको व्यापक विकास गर्ने।

६) निर्यातजन्य वस्तुबाट हुने आयमा कर हटाउने। बरु निर्यात गरी देशलाई डलर कमाइदिएकोमा पुरस्कारस्वरूप निर्यात व्यवसायीहरूलाई विभिन्न किसिमका वित्तीय र गैरवित्तीय प्रोत्साहन दिने।

७) नेपालका विदेशमा रहेका राजदुतावास र वाणिज्य दुतावासहरूलाई कि त आर्थिक कुटनीतिअनुरूप निर्यात व्यापार र पर्यटन प्रवर्द्धन गर्न सक्ने गरी सक्षम बनाउने, सकिँदैन भने विदेशमा रहेका नेपालीहरूलाई नै मानार्थ राजदुत र वाणिज्य दुत तोकी काममा लगाउने। यसो गर्दा एकातर्फ विदेशमा रहेका नेपालीहरूले स्वदेशको लागि काम गर्न पाउँछन भने अर्कोतर्फ राजदुतावास संचालनको लागि जुन खर्च अहिले भइरहेको छ, त्यो जोगिन पुग्छ।

माथि भनिएका ७ कार्यहरू तुरुन्त गर्ने हो भने नेपालको विदेशी मुद्राको संचिति फेरि बेस्सरी बढ्न जान्छ, व्यापार घाटा क्रमशः व्यापार वचतमा परिणत हुँदै गएर नेपाली अर्थतन्त्र चीनको जस्तै स्वस्थ हुन पुग्छ।

# युक्रेन, स्टालिन र पुटिन (४)



**सुदर्शन प्रधान**

**के हो आजको विश्वको मूल आवश्यकता ?**

कुनै पनि युगमा भनौं समयमा एउटा कुरा ज्यादै महत्वपूर्ण हुन्छ । जसको पहेली पत्ता लगाउन अति खाँचो पर्छ, जुन साझा सवाल हुन्छ । मानवजाति जंगली युगमा भौंतारिरहँदा आगाको ज्यादै खाँचो परेको थियो । अँध्यारो रातमा राप, ताप र प्रकाश प्राप्त हुने, जनावरबाट बच्ने, जाडोमा न्यानो हुने, खाने कुरा भनौं कन्दमूल र सिकारहरू पोलेर खानेजस्ता थुप्रै कुराहरू प्राप्त भयो आगोबाट । सम्भवतः जुन झुण्डले सर्वप्रथम आगो पत्ता लगाउने र नियन्त्रणमा लिए उक्त झुण्डको विकास र वृद्धि सम्बन्धित भेक तथा सेरोफेरोमा सर्वाधिक भयो र अरु साना र कमजोर झुण्डहरूको लोप लोप भयो । यो त भयो जंगली कबिला युगको कुरा ।

आधुनिक युगमा पनि मानवजातिले थुप्रै चुनौतीहरू सामाना गरे र गरिरहेछन् । बिफरको महामारीले हरेक वर्ष बिपश्वमा लाखौं र करोडौं मान्छेहरूको प्राण पखेरु उडाउँथे, एडवर्ड जेनरले भ्याक्सिन पत्ता लगाएपछि बिफरबाट विश्व मानव जातिले मुक्ति पाए । त्यसरी नै कोभिड-१९ ले विश्व मानव संसारलाई डगमगाई दियो, पचास लाखभन्दा धेरैको मृत्यु भयो । जुन कुराले धर्तीमा मानवजातिको अस्तित्वलाई चुनौती दिइरहेछन् । भ्याक्सिन केही देशका वैज्ञानिकहरूले पत्ता त लगाए वर्ष दिनभन्दा धेरै समय लगाएर । तर कोभिडको नयाँ नयाँ भेरिएन्ट सँग सचेत विश्व मानव समुदाय त्राहिमान छ । के कुरा निश्चित छ भने समाज र संसारभरि मानवजातिले जल, जमिन र आकाशमा फैलाइरहेको र बढाइरहेको वातावरणीय प्रदुषणहरूलाई नियन्त्रण र न्यूनीकरण गर्दै नजाने हो भने यहाँ कोभिड-१९ भन्दा धेरै गुणा भयानक भाइरसहरू व्युत्पत्ति हुनेछन् र यो चहलपहलको मानव समाज र संसार खण्डहरूमा परिणत हुनेछन् ।

ग्लोबल वार्मिङ भनौं हरितगृह प्रभाव (Green House Effect) अम्लीय वर्षाद (Acid Rain), पराबैजनी किरण (Ultra Voilet Rays) पृथ्वीका मानवजातिको गम्भीर साझा समस्या हुन् । जुन कुराहरूले धर्तीमा मानवजातिको अस्तित्वलाई चुनौती दिइरहेछन् । त्यसरी नै आणविक प्रदुषण (Nuclear Pollution) खाद्य प्रदुषण पनि भयानक कुराहरू छन् । यो युगको यी मूल मुद्दाहरू हुन्, जुन समस्याहरू हल गर्न विश्व मानव जाति सचेत, संगठित र संघर्षशील बनी सबैले आ-आफ्नो ठाउँहरूबाट जुर्मुरिएर उठ्न र आवश्यक कदमहरू चाल्न जरुरी छ ।

वर्तमान विश्वमा झण्डै २१५ वटा देशहरू छन् । यीमध्ये कुनै पनि एकदेशलाई नमुना बनाएर पर्यावरणमैत्री र मानवजातिमा शान्ति छाउने दर्शन अँगालेर जाऔं भनेर प्रस्ताव गर्ने हो भने आजको विश्वको सर्वाधिक शक्तिशाली अमेरिका, चीन र रसियाले के गर्लान् ? उनीहरूका कर्म र क्रियाकलापहरूले के भन्छन् भनेर नियाल्दा अमेरिकाले भन्नेछ- “सबैले क्रिस्चियन धर्म मान्ने र बाइबललाई पथ दर्शन स्वीकार्नुपर्छ । अन्यथा हामीलाई मान्य हुनेछैन, सैन्यशक्ति लगाएर भए पनि नाश गर्नेछौं त्यस्तो देशलाई ।” त्यसरी नै चीनले भन्नेछ, सबैले कन्फ्युसियस धर्म मान्ने र कन्फ्युसियसको दर्शनलाई अँगाल्ने ! त्यसमा अलिअलि मार्क्सवादका कुराहरू पनि मिसाउने अन्यथा विघटन र विनास गर्न हामी पनि बाध्य हुनेछौं । पुटिनले चाहिँ के भन्छन् होला भन्न सकिन्न, किनकि उनले बाइबललाई छोएर रुसको संसद (दुमामा) प्रवेश गरेको देखिन्न न त स्टालिन दर्शनलाई आत्मसात गरी क्रियाकलापहरू गरेको देखिन्छ । बरु उनी त ६० कि.मी. लामो बख्तरबन्द गाडी र ट्यांकहरूमा अत्याधुनिक शस्त्रहरूले सुसज्जित भई युक्रेनको राजधानी किभ कब्जा गर्न र त्यसमा कसैले अवरोध खडा गरे आणविक बमले ध्वस्त पार्ने हुँकार पनि छोड्छन् ।

माथिका तीनवटै पथदर्शनले उनीहरूका आफ्नै देशमा शान्ति र सुव्यवस्था छैन त अरु देशहरूमा कसरी त्यो महान् शान्ति स्थापना हुन सक्छ ? नेपालका मूल राजनैतिक पार्टीहरूको जुन पार्टीहरू भित्र स्वयं भाँडभैलो छ र सधैं तनाव छ त तिनले नेपाल सरकारको नेतृत्व गर्दा नेपाली जनतालाई के दिन्छन् ? अशान्ति, अव्यवस्था, अराजकता, असमानता, अपराधपूर्ण घटना परिघटनाहरू र यस्तै त हुन नि !

(क्रमशः)

# मैले देखेको २०४ औं विश्व पर्यटकीय स्थल

## मृत सागर (Dead Sea)

सुरेन्द्र ढकाल



मृत सागरको सुन्दरता यस्तो रहेछ



सागरको तीरमा बनाएको विश्राम कक्ष




दूताबासको कार्यालयमा झुण्ड्याइएको नेपाल-इजरायल हुलाक टिकटको पोस्टर



दूतावासको कर्मचारी भाइसँग सुरेन्द्र



मृत सागर जाँदा बाटोमा देखिने नांगा पहाडहरू




मृत सागरमा बिना पौडी तैरिँदैको अवस्थामा सुरेन्द्र



सागरको तीरमा होटलसहितको सानो चिटिक्क परेको नगर



सागरको तीरमा पर्यटकहरू



सागरमा पौडेपछिको अवस्थामा सुरेन्द्र

३१ मार्च २०१६ को एकै दिनमा वेस्टर्नवाल, सेपुलक्रे चर्च र Church of Nativity (क्राइष्ट जन्मस्थलको चर्च) अवलोकन गरी तेल अभिभ फर्कियौं। त्यस दिन बेलुका राजदुत मित्र प्रशाईंजीले तेलअभिभमा रहेका केही नेपाली संघसंस्थाका प्रमुखहरूलाई दुतावास बोलाउनुभएको रहेछ, बेलुकाको खानासमेत खाने गरी। आगन्तुक नेपालीहरूले विभिन्न परिकार र पेय पदार्थ लिएर आएका रहेछन्। त्यस दिन साँझ निकै मजाले भलाकुसारी गर्दै खाना खाएर बिताइयो।

भोलिपल्ट बिहान अप्रिल १ तारिखको दिन बिहान मर्निङ वाक गरी खाना खाई फेरि म प्रसाईंजीका साथ उहाँको कार्यालय पुगें। उहाँले नेपाल इजरायल दौत्य सम्बन्धको ५० औं वर्ष पूरा भएको अवसरमा निकालिएको हुलाक टिकट अंकित एक पोस्टर कार्यालयको भित्तामा झुण्ड्याइएको रहेछ। मैले त्यसको फोटो खिचेँ जहाँ इजरायल र नेपालको झण्डा अंकित पृथ्वीको सबैभन्दा उँचो भाग सगरमाथा समुद्री सतहबाट ८८४८ मिटर माथि र सबैभन्दा होचो भाग मृत सागर समुद्री सतहबाट ४२२ मिटर तल भनेर लेखिएको सगरमाथा र मृत सागरको आकर्षक फोटो जोडिएको रहेछ। अनि आज तपाईं त्यही मृत सागरको अवलोकनमा जाने हो भनेर मलाई सरप्राइज दिनुभयो। म धन्य भएँ।

केही क्षणपछि हिजोकै दुतावासका कर्मचारी मित्रहरूसँगै लाग्यौं, हामी तेल अभिभबाट मृतसागरतर्फ। करिब ८८ किलोमिटरको दूरी पार गरी हाम्रो मुस्ताङमा देखिने जस्तै नांगा पहाडहरू छिचोल्दै करिब ११:३० तिर हामी मृत सागर आइपुग्यौं।

### मृत सागर (Dead Sea)

यस सागरलाई इजरायली भाषा हेब्रुमा He Dead Sea भनिँदो रहेछ। यसको अर्थ नुनको सागर रहेछ। सागरको पूर्वमा जोर्डान र पश्चिममा इजरायल र पेलेस्टिनी सीमासँग जोडिएको यो सागर विश्वभरका पर्यटकहरूको आकर्षणको केन्द्रमध्ये एक रहेछ। यस सागरमा जोर्डान नदीलगायत अन्य ससाना नदीहरू आएर मिसिने र यस सागरबाट पानी नबाहिरिने कारण नुनिलो कायम रहेको बताइँदो रहेछ। समुद्री सतहबाट कम्तीमा ३०४ मिटर बढीमा ४२२ मिटर तल रहेको यस सागरको पानीमा करिब ३५ प्रतिशत नुनको अंश रहेछ। नुनको पानीमा विना पौडी तैरिने भएको र त्यस सागरमा नुहाउँदा शरीर भएका छाला र हड्डीसम्बन्धी सबै रोग निको हुने कारणबाट पनि यो सागर विश्व पर्यटकीय स्थल (Health Resort) बन्न पुगेको रहेछ। नुन अधिक मात्रामा भएकै कारण यस सागरमा कुनै जीव र वनस्पती बाँच्न नसक्ने कारण नै यसलाई मृत सागर भनिएको रहेछ। यस सागरको नुन मृत शरीरमा राख्ने हो भने त्यो लाश सडेर नगल्ने कारण यहाँबाट उत्पादन भएको नुन प्राचीनकालदेखि नै इजिप्टमा लासहरूलाई (Mummification) मम्मीकृत गर्न प्रयोग गर्ने गरिएको रहेछ। कुनै बेला १०५० वर्ग किलोमिटरमा फैलिएको यस मृत सागरको क्षेत्रफल घट्दै गएर ६०५ वर्ग किलोमिटरमा पुगेको कारण यसको पानी र क्षेत्रफल घटने क्रमलाई कसरी जोगाउने भन्ने सबैको लागि चिन्ताको विषय बन्न पुगेको रहेछ। ग्रीकहरूले Lake Asphaltites भन्ने यस सागर अफ्रिकन प्लेट र अरेवियन प्लेट जुध्दा बन्न पुगेको खाडलमा भूमध्य सागरीय सामूद्रिक पानी पसेको कारणबाट बन्न पुगेको भूगभविदहरू बताउँदा रहेछन्। वार्षिक वर्षा १०० मिलिमिटर पनि नपर्ने कारणले गर्दा पनि नुनको अंश नघटेको भन्दा रहेछन्।

मरुभूमीय जलवायु भएको यस सागरीय क्षेत्रमा हिउँदमा २० सेल्सियससम्म झर्दो रहेछ। मृत सागर क्षेत्रमा पुग्ने बित्तिकै मैले २० डलरमा एक गुलाफी कट्टु किने। करिब आधा घण्टा जति सागरको पानीमा तैरिएपश्चात त्यहाँ रहेको खुद्रा पसलमा केही चिसो पेय पदार्थ पिएर करिब एक घण्टा बिताई पर्यटकहरूका लागि होटल, समुद्रको तीरमा विश्राम स्थलहरू अनि चिटिक्क परेको सानो शहर अवलोकन गरी हामी तेल अभिभ फर्कियौं। सन १९८४ मा पर्यटन मन्त्रालयको लिआजो अफिसर भई अष्ट्रो इटालियन धवलागिरी पर्वतारोहणको क्रममा धवलागिरी आधार शिविरमा ३ हप्ता बिताउँदा ५६०० मिटरको उचाइमा रहेको फ्रेन्च घाटी (French Pass) सम्म चढ्ने अवसर प्राप्त भएको थियो। यसपालि पृथ्वीको सबैभन्दा होचो भाग चुम्ने अवसर प्राप्त भएकोमा पुनः मित्र प्रसाईंजीलाई मनमनै धन्यवाद दिए। यसप्रकार मेरो इजरायल र पेलेस्टेनी देश घुम्ने कार्यक्रम पनि सम्पन्न भयो। भोलिपल्ट अप्रिल २ को बेलुका ९ बजे तेल अभिभबाट उडी राति १० बजे साइप्रसको लार्नाको विमानस्थल ओर्लिएँ।

# गर्मीमा छालाको हेरचाह कसरी गर्ने ?

## स्वास्थ्य



सुन्दरता मेन्टेन गरिराख्न अनुहारको उचित स्याहार जरुरी छ। सौन्दर्यले मानिसको आत्मविश्वास बढाउँछ। जीवन सार्थक बनाउन यो जरुरी छ। उमेर बढ्दै जाँदा व्यक्तिको सौन्दर्यमा ह्रास आउँछ। सकेसम्म आफूलाई सुन्दर राख्ने चाहना हामी सबैमा हुन्छ। अनुहारमा आएको डन्डिफोर, कालो दाग, पोतो वा खुइलिएको तालु देखेर मानिस विचलित भइरहेका हुन्छन्।

पछिल्लो समय इन्स्टाग्राम, फेसबुक, टिकटकजस्ता इन्टरनेटको पहुँचले सबैलाई सुन्दर हुने इच्छा बढेको देखिन्छ। हामीलाई कसैले राम्रो भनिदियो भने पनि खुसी लाग्छ। सुन्दर बन्ने होड चल्दै गएको छ। हुन त बजारमा विभिन्न प्रकारका सौन्दर्य सामग्री पाइन्छन्। झुटा विज्ञापन पनि भेटिन्छन्। तर, चिकित्सकसँग परामर्श नगरी जथाभावी त्यस्ता सामग्री प्रयोग गर्नाले स्वास्थ्यमा उल्टै गम्भीर समस्या निम्त्याउने जोखिम पनि छ। गुगल हेरेरै उपचार विधि खोज्नेहरूको संख्या पनि बढ्दो छ। तर, यस्तो बानीले पनि छालालाई बिगार्न सक्छ।

पछिल्लो समय व्यस्त जीवनशैलीका कारण मानिसहरूले तनाव एवं थकान बढी महसुस गर्न थालेका छन्। यसले पनि छालालाई असर गरिरहेको हुन्छ। तनावको प्रत्यक्ष असर अनुहारमा देखिन्छ। आफूखुसी बजारमा पाइने क्रिमहरू प्रयोग गर्नु पनि राम्रो होइन। विभिन्न कस्मेटिक सामग्रीहरूसमेत प्रयोग नगर्नु राम्रो हुन्छ। छालाको समस्या देखिएमा छाला विशेषज्ञकोमा नै चेक गराउनुस्। यस्ता जटिल समस्या देखापरेमा हेलचेक्र्याइँ गर्नुहुँदैन।

मुख्य कुरा मानसिक रूपमा सन्तुष्ट हुनुपर्छ। आफू जे छु त्यसैमा सन्तोष गर्न सक्यो, आफैँलाई राम्रो ठान्यो भने अनुहारमा स्वतः चमक आउँछ। तपाईंलाई नियमित शारीरिक व्यायाम पनि आवश्यक छ। नियमित व्यायामले तपाईंको शरीरबाट पसिनासँगै धेरै विकारहरू बाहिर निकाल्छ। शरीरलाई ऊर्जाशील र अनुहार सफा बनाउँछ।

हामीले खाने खाना कति स्वस्थकर छ ? यस विषयमा पनि ख्याल गर्नुपर्छ। विषादी प्रयोग गरिएका खाद्यान्नले धेरै समस्या निम्त्याउँछ। त्यसैले खानपानमा पर्याप्त ध्यान दिनुपर्छ, समयमा खानुपर्छ, पानी पर्याप्त पिउनुपर्छ।

हरेक दिन हाम्रो जीवन दौडधुपमै बितिरहेको छ। सूर्यको प्रकाशमा फैलिएका विभिन्न विकिरणहरूले हाम्रो छालामा प्रत्यक्ष असर गर्छ। त्यसैले यसबाट जोगिन हामीले बाहिर निस्कनुअघि सनस्क्रिन लगाउनुपर्छ। सनस्क्रिनले प्रदूषणबाट पनि हाम्रो छालालाई जोगाउँछ। तर, हामीले ध्यान दिन जरुरी छ कि जथाभावी कस्मेटिक सामग्रीको प्रयोग गर्नुहुन्न। मैले अघि नै भनेँ, चिकित्सकसँग परामर्श गरेर मात्रै कस्मेटिक सामग्री प्रयोग गर्नुपर्छ।

मानव शरीरको विशेष गरेर चिल्लो, सुक्खा र सामान्य गरेर तीन प्रकारका छाला हुन्छन्। मौसमअनुसार छालाको स्याहार गर्नुपर्छ। धेरै तातो पानीले धुनुहुँदैन। चैत वैशाखमा हावाहुरी चल्ने भएकाले छाला ड्राई हुन्छ, यस्तो वेलामा मोस्चराइजर लगाउनुपर्छ।

व्यस्त सहरी जीवनशैलीले मानिसहरूमा तनाव एवं थकान बढाइरहेको छ। यसले छालालाई समेत असर गरिरहेको हुन्छ। तनावको प्रत्यक्ष असर अनुहारमा देखिन्छ जसले डन्डिफोर र छाला चाउरीजस्ता समस्या देखिन्छन्। यो मौसममा चल्ने हावाहुरीले धुलो उडाएर ल्याउने हुँदा अनुहारमा सबैभन्दा पहिला पर्न जान्छ। यस्तो वेला छाला सुक्खा हुने हुन्छ।

गर्मी सिजनमा चर्को घाम र धुलोले अन्य भागका छालामा समेत एलर्जी हुन सक्छ। यस्ता एलर्जी निकै हानिकारक हुन्छन्। यसबाट बच्नुपर्छ। एलर्जी भएमा चिकित्सकसँग परामर्श नगरी जथाभावी औषधि प्रयोग गर्नुहुँदैन। जथाभावी औषधि प्रयोग गर्दा स्वास्थ्यमा गम्भीर समस्या आउन सक्छ।

छाला जोगाउने आठ तरिका

- बाहिरबाट घर आएपछि फेसवास वा क्लिन्जिङ गर्ने। नुहाएपछि नरिवलको तेल लगाउने। अनुहार धोएपछि मस्चराइजर लगाउने।
- हावाहुरी चल्ने मौसममा छाला सुक्खा हुन नदिने। छाला जोगाउन शरीर ढाकेर घरबाहिर निस्कने। नियमित मस्चराइजर लगाउने। जेल बेस मस्चराइजर अर्थात् सन ब्लक प्रयोग गर्ने।
- सुक्खा छाला छ भने क्रिम बेसमा मस्चराइजर प्रयोग गर्ने।
- गर्मी मौसममा धेरै तातोपानीले ननुहाउने। मनतातो पानी प्रयोग गर्ने।
- छालामा समस्या देखिए छालारोग विशेषज्ञसँग परामर्श लिने।
- राति सुत्ने वेला मुख धोएर सधैँ मस्चराइजर लगाउने।
- मानसिक र शारीरिक रूपमा सन्तुष्ट र खुसी रहने। नियमित व्यायाम गर्ने। व्यायामले पसिनामार्फत शरीरका विकारबाहिर निकाल्छ। शरीर ऊर्जाशील र अनुहार सफा बनाउँछ।
- खानपानमा विशेष ध्यान दिने। फलफूल खाने, पर्याप्त पानी पिउने।

## के छैन यहाँ ?



● प्रेम ओली (ढकलपुरे)

साइकल नहुने नेताको करोडको कार यहीँ छ
नारायणहिटीभन्दा ठूलो तीनको दरबार यहीँ छ
जसले नैतिकताको कुरा उठाउँछ
उसैको अर्काकी श्रीमती उडाको घरबार यहीँ छ ।
करोडको हैन खरबको भ्रष्टाचर यहीँ छ
त्यो भ्रष्टाचार गर्ने मुर्दार यहीँ छ
तपाईं हामीलाई थाहा भएर पनि के हुन्छ ?
त्यो भ्रष्टचारीलाई जोगाउने सरदार यहीँ छ ।
के छैन यहाँ ?
गरिबी देखाएर चन्दा माग्ने हतियार यहीँ छ
त्यही चन्दामा हलिमुहाली गर्ने मतियार यहीँ छ
तपाईं हामीले विरोध गरेर भो र ?
अरबौं खाए पनि मुक्ति दिने अख्तियार यहीँ छ ।
के छैन यहाँ ?
राष्ट्र ढुकुटी उडाउने चौकिदार यहीँ छ
जति खाए पनि नअघाउने खरदार यहीँ छ
विकासको कामलाई बर्षौं लगाउने ठेकदार यहीँ छ
तपाईं हामी चिच्चाएर भयो र !
त्यो ठेकदरलाई ठेक्का दिलाउने सरकार यहीँ छ ।
आफ्नो आङको भैंसी नदेख्ने अरुको आङको जुम्रो देख्ने सँधीयार यहीँ छ
अघिपछि प्रतिपक्ष हुने तर खाने बेला एकै पक्ष हुने अंशियार यहीँ छ
अनुगमन पनि यहीँ छ, कालो बजार पनि यहीँ छ
जति राष्ट्रवादको कुरा गरे पनि
सत्ताको लागि परको पाउ पर्ने लम्पसार यहीँ छ ।

## प्रेमपत्र

गोविन्दराज ओझा



प्रिय निता

मिठो सम्झना

खै सुरुवात पनि कहाँबाट गरौं, सुरुवात गर्ने शब्द नै छैन। प्रिय कान्छु, तिम्रो सम्बोधनमा कति मिठास छ, कति आदर छ, कति त्याग छ, कति समर्पण छ, शायद मैले शब्दमा व्याख्या नै गर्न सक्दिन। कुशल छु र कुशलताकै कामना गर्दछु। सम्झनाका तरेलीहरूमा तरङ्गित शब्द माला उनिरहेको छु। तिमीलाई बिर्सन त कहिले पो सकेको थिएँ र न सकेको छु अनि न सक्ने छु। तिमीलाई कस्तो छ ? आरामै छौ होला, आरामसहितको कामना गर्दछु। तिम्रो सम्झना आएर आज यो पत्र लेख्ने हिम्मत गर्दैछु, स्वीकार ल।

कुन शब्दले सम्बोधन गर्ने, नेपाली शब्दकोषमा पनि शब्द खोज्न सकिराखेको छैन। कोरा कागजमा कलमको सहायताले मेरा यी कोमल हातहरू थर्थराउँदै पवित्र प्रेम अगाडि बढ्दछन्। प्रिया, मैले त तिम्रो सम्झनामा सच्चा प्यारको आसुँ बगाएको छु, कहाँबाट सुरु गरुँ कहाँबाट कसरी अन्त गरुँ, मेरा मनका भावनाहरू, म तिमीलाई धेरै माया गर्छु। कहाँबाट यो मनमा मायाको मूल फुट्यो, त्यो कुरा त थाहा छैन। हजुरले त भुलिसक्यौ होला मेरा रंगिन सपनाहरू तिमीबाट पूरा हुन्छ भन्ने आशा गरेको थिएँ। तिम्रो सुन्दर प्रतिविम्ब मेरो नजर वरिपरि घुमिरहन्छ। मेरो मनकी राजकुमारी, यो दिलको चोखो माया केवल तिमीलाई। तिमीसँग पहिलो पटक भेट हुँदा ती तिम्रा नयनमा मात्र मेरा नजरले हेरेको थिएँ। हिँड्दै बाटोमा दुई अपरिचित व्यक्तिबीच कुराकानी भएको त्यो क्षण र गन्तव्य पुगेर बिदाईका हात हल्लाउँदै हिँडेका थियौं। त्यो तिम्रो हेराइ, कुरा गराइले मेरो मनमा तरङग पैदा भयो। अनेक कल्पना गरी आफैंले आफैंसँग प्रश्न सोधें ? यो मनमा उत्पन्न भएको चाहनाको बारेमा धेरै सोचे। कसरी मेरो हृदयमा तिम्रो बास भएको छ ? तिम्रो मिठो मुस्कानले होला यो मेरो मनलाई मोहित पारेको छ। मेरो मनमा तिमी छौ। मेरो मनको भावनालाई तिम्रो सामु छर्लङग पार्न यो पत्र लेख्दै छु।

आज म यो मन्दिरमा बसी कसम खाँदैछु। यो जिन्दगी तिमीलाई समर्पण गर्दैछु। यो जगतमा म रहुन्जेल तिमीलाई माया गरिरहन्छु। तिम्रो दिलमा बास गर्न ठाउँ मागिरहेको छु। जीवनमा सँगै सहयात्री भएर भूमिका निर्वाह गर्ने अवसर प्रदान गर्नेछौ भन्ने आशामा छु। तिम्रो दिलबाट चोखो मायाको अपेक्षा गरेको छु। तिम्रो मीठो बोलीले मन भुलाएको छ। तिमीबिनाको जिन्दगी कल्पना गर्न नसकेर मायाको भिक्षा मागिरहेको छु। तिम्रो रुप र त्यो हिँडाई सधै हेरिरहुँ लाग्छ। त्यो सुन्दर रुप देखेपछि यो मनमा अनेक भावनाहरू आउन थाले। चन्द्रमुखी मुहार तिम्रो सधै सम्झना आइरहन्छ। तिमीबिनाको जीवनको कल्पना गर्न सक्दिन। तिमीले बुझ्यौ मेरो प्रेमलाई मेरो यो दिलदेखि गरेको माया स्विकार गर। वास्तविकतामा प्रेम मीठो अनुभुति हो। उमेरमा जोसँग भावना मिल्छ उसैसँग माया पिरती बस्न जान्छ। प्रेम मनभित्रको चोखो भावना तथा हृदयको चाहना हो। मेरो प्रेम व्यक्त गर्न यो पत्रको साहयता लिँदैछु। तिमी आफ्नो निर्णय आफैं गर्न सक्छ्यौ।

म तिम्रो उत्तरको प्रतिक्षामा छु। तिमीप्रतिको मेरो माया म यो धर्तीमा रहुन्जेलसम्म कहिल्यै अस्ताउने छैन र कमी पनि आउने छैन। किनकि मैले त तिमीलाई मन मुटुमा राखेको छु तर यसको मतलब यो होइन कि तिमी नै मेरो जीवनमा आउनुपर्छ। आएनौ भने म तिम्रो मायामा पागलझैं तडपिने पागल प्रेमी चाहिँ पक्कै होइन। तिमी बिनाको मेरो जीवन पानी बिनाको माछा सरह छ। तिमीसँग छुट्टिएर अर्को दुनियाँ बसाउने म कल्पनासम्म पनि गर्न सक्दिन। हर रात, हरक्षण तिम्रो सम्झनाले सताउने गर्दछ। मेरो मनको चाहना बुझेर मलाई भेट्न आउने छौ। म तिम्रो पर्खाईमा बसिरहेको छु। तसर्थ आज तिम्रो यादमा यी हरफहरू लेख्ने जमर्को गरेको छु। हर रात, हर क्षण तिम्रो सम्झनाले सताउने गर्दछ। तिम्रो सहयात्री म अन्जुली भरी प्रेमको भिक्षा माग्दै अन्तर हृदयदेखि विदा चाहन्छु।

तिम्रै प्रतीक्षामा बसिरहेको तिम्रो अदृश्य प्रेमी

## छुट्टाछुट्टै सवारी दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौं। धनुषा, क्षिरेश्वरनाथ नगरपालिका-५ सिन्धुली टोलस्थित सडकमा रोकी रहेको ट्रकमा मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार ३ जना पुरुषको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ।

भक्तपुर, मध्यपुरथिमी नगरपालिका-४ चारदोबाटो चोकमा टिपर र स्कुटर एकआपसमा ठोक्कर खाई गएराति दुर्घटना हुँदा स्कुटर चालक चाँगुनारायण नगरपालिका-३ झौखेल ठकुरी गाउँ बस्ने काभ्रेपलाञ्चोक बेथानचोक गाउँपालिका-६ घर भएका ३२ वर्षीय ज्ञानेन्द्र मल्ल ठकुरीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको मध्यपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका स्कुटरमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। अर्घाखाँची, सन्धिखर्क नगरपालिका-८ छेँडास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-२ भद्रिखोला बस्ने ६९ वर्षीय बलराम पौडेलको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल सन्धिखर्कमा उपचारको क्रममा मृत्यु भएको हो।

दार्चुला, शैल्यशिखर नगरपालिका-२ स्थित सडकमा बसले किच्दा सोही ठाउँ बस्ने महेश कपाडीको छोरा ६ वर्षीय अमृत कपाडीको सोमबार दिउँसो घट्नास्थलमै मृत्यु भएको छ। बसका चालक र सहचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। सोही बिषयलाई लिएर स्थानीय बासिन्दाले बसमा आगो लगाउँदा बस पूर्णरुपमा क्षति भएको छ।

सर्लाही, बसवरिया गाउँपालिका-४ गोनर्वा स्थित सडकमा बिआर ४३ ए१५४६ नम्बरको डिजे रथको ठक्करबाट सोही ठाउँस्थित मामा घर बस्ने गोडैता नगरपालिका-११ सिसौटिया घर भएकी प्रेमलाल पंडितकी छोरी ७ वर्षीया लक्ष्मीनिया पंडितको सोमबार साँझ मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको उपचारको लागि स्थानिय मेडिकलतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। हाल फरार रथ चालकको प्रहरीले खोजी गरिरहेको छ।

# नियात्रा स्मृतिको क्यानभासमा नयाँ रङ–६ (२)

✍ रामप्रसाद पन्त

हामी केही डाँडा, केही पाखा, छितरिएर बसेका केही बस्तीहरूको सेरोफेरोमा गुड्दै, दूरदराजका अनन्त पहाडमाथि दृष्टिगोचर गर्दै प्रवेश गर्छौं जगदीश दरबारमा। त्यो निवासमात्र कहाँ रहेछ र ? दरबार पो रहेछ। नेपालबाट आएर ५५ वर्षअघि खरिद गरेको दरबार। मसोवरा डाँडोको उचाइमा विराजमान थियो ऐतिहासिक दरबार।

कति पऱ्यो होला यस दरबारलाई त्यसबेला ? न सोध्यौं हामीले, न बताउनुभयो राणाले। सोध्न सान्दर्भिक लागेन दरबारको भाउताउ। अप्रासङ्गिक भएर उठाउनुभएन सायद जगदीशले ! तर सोधियो जग्गाजमिनको परिधिबारे।

'कति होला दरबारले चर्चेको जग्गा ?'

'चानचुन डेढ सय।'

वाफ रे ! काठमाडौँमा एक रोपनी जग्गा नभएको मानिसले सिमलाको डाँडोमा डेढसय रोपनीको पखेरो देख्दा झन्डै जिब्रो टोकेको। पच्चीस वर्षदेखि राणाको साथ नछोडेका ड्राइभरको मुखबाट सुन्दै थिएँ– 'यतिमात्र हो र ! यहीँ अर्को ठाउँमा छ, चण्डीगढमा छ, दिल्लीमा छ, देहरादून र मसूरीमा पनि छ। काठमाडौँको पैतृक सम्पत्ति र लगानीका स्रोत साधन त कति होलान् ! म कसरी अन्दाज गरूँ?'


तलैतलाको अग्लो होइन, खाली दुई तलाको। बङ्गला स्टाइलको, दुईतिर मुख भएको, करिब आधा रोपनी जमिन चर्चेर ठडिएको, बेलायती शैलीको दरबार पुरानै भए पनि संरक्षण गरेर सुन्दरता मर्न दिइएको थिएन। सम्भवतः शताब्दी पार गरिसकेको त्यो दरबार कुनै अँग्रेज शासकको व्यक्तिगत वा सरकारी भवन हुनुपर्छ भन्ने म अनुमान लगाउँदै थिएँ। किनभने भारतीय भूभाग (हालको भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र वर्मा समेत)मा अँग्रेजको शासन छँदा इष्ट इण्डिया कम्पनीको शितकालीन राजधानी कोलकाता र गृष्मकालीन राजधानी सिमला हुन्थ्यो रे ! त्यसबेलादेखि महत्व पाएका सिमलामा अँग्रेज शासकका व्यक्तिगत वा सरकारी निवास नहुने कुरै थिएन।

सम्भवतः त्यसैबेला निर्मित भएको र जगदीश शम्सेरले किनेको त्यस दरबारमा जगदीश शम्सेर महिनामा मुश्किलले चार/पाँच दिन मात्र पाहुना हुन जानुहुँदो रहेछ। संरक्षणार्थ सेवक खटिएकै छन्, उनीहरूको जीवनवृत्ति राम्रोसँग चलेकै छ। आफ्नो इज्जत र अस्तित्वसँग गाँसिएको त्यो संरचना आफू बाँच्दासम्म सुरक्षित रहे भइहाल्यो नि जगदीशलाई।

डाँडोको उच्च भागमा अवस्थित त्यस दरबारको वरिपरिको दुबेभूमि, वृक्षवेष्टित लतिका र सुगन्धित वनस्पतिहरूले घेरिएको पुष्पबाटिका, अनि घेरा लगाएर वा गोलाकार बनाएर सजाइएका सानाठूला गमला र तिनमाथि पल्लवित र पुष्पित रङ्गीविरङ्गी फूलहरू दरबारको सुन्दरतामाथि सौन्दर्य थप्ने कारक बनेका थिए।

हामी सबै त्यसै दुबेभूमिमाथि सजाइएको टेबुललाई घेराबन्दी गरेर गोलमण्डल भयौँ। राणालाई भानुभक्तीय बिर्केटोपी पहिरायौँ। दोसल्ला ओढायौँ र पत्रपत्रिका तथा किताबहरू उपहारको रूपमा अर्पण गऱ्यौँ। राणाले पनि आफ्ना पिता मृगेन्द्र शम्सेरले आफ्नै जीवनीबारे अँग्रेजीमा लेखेको र जगदीशले सम्पादन गरेको 'जनरल मृगेन्द्र शम्सेर राणा' नाम भएको कृति हामीहरूलाई एक/एकवटा उपहार दिनुभयो।

राणाकै करकमलबाट मोहनबहादुर कायस्थको किताब 'मोहनबहादुरका प्रतिनिधि कविता' विमोचन




भयो। त्यसैबेला मेरो पछिल्लो कृति 'अविरल यात्रा'ले पनि चर्चामा आउने मौका पायो। हामीले त्यस दरबार परिसरमा बसेर, घुमेर निकै समय खर्चियौँ। चिया भन्यो चिया, कफी भन्यो कफी, फलफूल खाने कि अरु नास्ता के गर्ने ! बेलाबेलामा सेवाप्रदायकहरू सोध्न आइहाल्थे। राणाले सोध्नुहुन्थ्यो हामीहरूलाई र आज्ञा दिनुहुन्थ्यो आज्ञाकारीलाई।

हामी दरबार परिसर घुमेर दृश्यावलोकन गऱ्यौँ। स्याउ, नास्पाती लगायतका बोटहरूले शोभायमान थियो पखेरो। वरपरका टापु र पखेरामा देखिँदै थिए घरहरू, कतै देखिन्थे मन्दिरहरू पनि। खेतीयोग्य जमिन नगण्य थियो, खुल्ला थियो वातावरण, अवरोध कतैबाट थिएन दृश्यावलोकनमा। व्याप्त थियो जङ्गल र हरियालीयुक्त पहाड देखिन्थे जतातत‍ै।

हामी सुदूरउत्तरतिर पनि दृष्टि प्रक्षेपण गर्दै थियौँ। अग्लाअग्ला पहाडहरू पनि होचाहोचा देखिँदै थिए हाम्रो दृष्टिमा। राणा औंलो तेर्स्याएर हाम्रो दृष्टि औँलाको टुप्पोमा केन्द्रित गर्न चाहनुहुन्थ्यो– 'उ.......त्यता पर्छ धर्मशाला। सात पहाड परको त्यो धुमिल पहाडकै छेउछाउमा छ दलाइ लामाको दरबार। करिब २६० किलोमिटर लामो यात्रा गर्नुपर्छ त्यहाँ पुग्न। अझ चीनको सीमाक्षेत्र कुलुमनाली पुग्न चाहनुहुन्छ भने अरु ५० किलोमिटर अगाडि बढ्नुपर्छ। हेलिकोप्टर सुविधा पनि छ त्यहाँ जानका लागि। मोटरमार्गबाट आठ घण्टा, हेलिकोप्टरबाट आधा घण्टा। हिमाचल राज्यको भाक्सु जिल्ला अन्तर्गत पर्दछ धर्मशाला। भाग्सुको सदरमुकाम हो काँगडा, जसलाई हाम्रा वीर पुर्खाले नेपालको पश्चिम किल्ला बनाएका थिए।'

राणाले हिमाचल प्रदेशको उत्तरी भूगोलमाथि हाम्रो ध्यानदृष्टि केन्द्रित गरिहेकै बेला पछाडिबाट आएर एक जना सहयोगीले सूचित गरे– 'हजुर ! लन्च तयार भयो।'

खाने कुरा त हामीले खाइरहेकै थियौँ, भोकले उत्कर्ष प्राप्त गर्न पाएकै थिएन। तर साढे एघार भइसक्यो, भोजनको सम्मान त गर्नुपऱ्यो नि ! हामी पार्क, प्राङ्गण र दरबारको वाह्य रुपसँग परिचित भए पनि दरबारको भित्री रूपरङ्गसँग परिचित भइसकेका थिएनौँ। हामी एक एक गरेर दरबार प्रवेश गर्दै गयौँ।

गलैँचाले आच्छादित थियो भुइँ। अत्यधिक काठ प्रयोग भएको थियो भित्री संरचनामा। तला अग्लो थियो।हामी फराकिलो हल हुँदै प्रवेश गऱ्यौँ अझ भित्र। सिटिङ रुम, रिडिङ रुम, बैठक कक्ष, सयन कक्षहरू झल्याकझुलुक अवलोकन गर्दै पुग्यौँ डाइनिङ हलमा। डाइनिङ टेबुलमा लहरै राखिएका रहेछन् खाद्य परिकार। राणाले अगाडि लगाउनुभयो हामीहरूलाई। साहित्यकार हुनुकै प्रतिफल होला राणाको छोरो भन्ने आडम्बर वा अहङ्कार कत्ति पनि देखिँदैन जगदीशमा।

भात खानुहुन्छ कि रोटी ? रोटीमा पनि कुन खानुहुन्छ ? सुख्खा, चिल्लो कि परौठा ? दाल-तरकारी, मासु र अचारका परिकारहरू पनि छन्, कुन सेवन गर्नुहुन्छ ? तपाईंको स्वास्थ्यले के माग्छ ? राणा त दुईचार चम्चा खाए पुग्ने मान्छे, खाने त हामी छँदै छौँ नि ! खाना पछि पनि मुख मिठ्याउने परिकारहरू छन्, दही, रसवरी, लालमोहन। जे मनपर्छ, जति मनपर्छ आफ्नै शरीरलाई सोध्नुस् र ग्रहण गर्नुस्।

खानापछि पुनः हामी खुल्ला प्राङ्गणमा निस्कियौँ। साहित्यिक विमर्श भयो अरु केही बेर। सिद्धिचरणका उर्वशी र मङ्गलमानमाथि गहिरियौँ एकछिन। मोहन कोइरालाको फर्सीको जरामा अल्झियौँ एकछिन। त्यसपछि कविता वाचनको क्रम चल्यो। पालैपालो कविता वाचन गऱ्यौँ हामीले र वाचित कविताको समीक्षा पनि गऱ्यौँ हामीले नै। सुमन ताम्राकारको मःम ले चर्चा पायो बढी।

साँच्चिकै कविता लेख्ने र लेखाउने, सुन्ने र सुनाउने मूडमा थियौँ हामी त्यसबेला। न वातावरण प्रदूषण छ, न ध्वनि प्रदूषण छ, न मौसम प्रतिकूल छ, न कोही आउला र एकान्त बिथोल्ला भन्ने डर छ। यौटा साहित्यकारका लागि साहित्य सिर्जना गर्ने उपयुक्त थलो ! योभन्दा अर्को के नै हुन सक्ला र ! राणा पनि कुनै बेला यतै आएर एकान्तवास गर्नुहुँदो रहेछ– विशेष साहित्य लेखन र अध्ययनका लागि।

अन्तिम एक राउण्ड आयो चिया र चियासँग आयो सितन। वायु चिसिँदै थियो, सूर्यनारायणले लामो यात्रा सकेर डाँडापरि विश्राम गर्ने तरखरमा थिए। थकाइले हो क लाजले हो ! राताम्ये बनाएका थिए सूर्यले आफ्नो अनुहार र डाँडामा टेकाउँदै थिए आफूलाई। त्यो अवसर गुमाउनेवाला थिएनौँ हामी। हत्त न पत्त क्यामेरा खोल्यौँ सूर्यलाई हत्कडी लगाएर थुन्यौँ क्यामेराभित्र। मनमनै सोचेँ– सूर्योदय हेर्न नगरकोट जानुपर्ने हो कि अन्तु ? मलाई थाहा छैन। तर सूर्यास्त हेर्ने हो भने जगदीश शम्सेरकै मसोबरा रोजे हुने रहेछ।

हामीसँग ज्याकेट थिए, गलबन्दी थिए। जेसुकै भए पनि अब हामीकि त त्यही दरबारभित्र प्रवेश गर्नुपर्थ्यो, कि त गाडी चढेर सिमलानगरी फर्कनुपर्थ्यो। हिँड्ने मन त पटक्कै थिएन। मन नमान्दा नमान्दै पनि हामी बस्यौँ गाडीमा र फर्कियौँ जसरी गएका थियौँ त्यसैगरी।

### २. क्याडल प्वाइन्टमा करवा चौथ

आज ३० अक्टोबर २०१५

हाम्रो सङ्क्षिप्त योजना छ, बिहानको चियानास्तापछि हामी नजिकैको सिमला बजार घुम्ने छौँ, देहरादून र सिमलामा भएका साहित्यिक समाचारहरू नेपाल सम्प्रेषण गर्नेछौँ। खाना खानेछौँ, केही बेर जगदीश प्रवचन सुन्ने छौँ र बेलुका रिज (गराको आलीजस्तै लमतन्न परेर बसेको पहाडी उच्च भाग) को चौराहामा हुने करवा चौथ पर्वमा सहभागी हुनेछौँ।

चियानास्तापछि हामी सिधै रिज पुग्यौँ। जसलाई क्याडल प्याइन्ट पनि भनिँदो रहेछ। साँच्चै नै त्यो सिमला सहरको मुटु रहेछ – हाम्रो रत्नपार्क जस्तै। जहाँ घण्टाघर छ, जहाँ महात्मा गान्धी र इन्दिरा गान्धीका पूर्ण कदका सालिकहरू छन्, जहाँ हिमाचल निर्माता डा. यसवन्त सिंहको मूर्ति छ, जहाँ पन्जावकेशरी लाला लाजपतरायको मूर्ति छ, जहाँ हालका मुख्यमन्त्री वलभद्र सिंहका प्रतिबद्धताहरू लिपिबद्ध गरिएका छन्, जहाँ आजै बेलुका करवा चौथको पर्व मनाइने छ, त्यस ठाउँबाट देखिने चौतर्फी दृश्य अभिरुचिसाथ अवलोकन गऱ्यौँ र अगाडि बढ्यौँ। *(क्रमशः)*

# रुवान्डामा कसरी मच्चिएको थियो नरसंहार ?



विष्णु भट्टराई

अप्रिल ६, रुवान्डाको मात्र नभई मानव सभ्यताकै कलंक दिन। २८ वर्षअघिको रुवान्डाको जातीय नरसंहारका सय दिनमा १० लाख मानिसको हत्या भएको थियो। लाखौँ महिला बलात्कृत भएका थिए। हजारौँ मानिस साहाराविहीन र बेघर भएका थिए। कैयौँले अर्काको देशमा शरणार्थी जीवन बिताउन बाध्य हुनुपरेको थियो। त्यसैको स्मृतिमा रुवान्डावासी फेरि रोए। जातिवादले निम्त्याएको यो डरलाग्दो परिणाम सम्झेर विश्व समुदाय पनि फेरि एकपटक सोचमग्न हुन पुग्यो।

तत्कालीन रुवान्डाका राष्ट्रपति जुवेन हेविअरिमाना र बुरुन्डीका राष्ट्रपति सिप्रोननातायामिरा चढेको जहाजलाई राजधानी किगाली ओर्लन लाग्दै गर्दा धमकेदार बमले उडाइयो। घटना कसले घटायो भनेर अड्कलबाजी भइरहँदा सरकारी रेडियोले प्रपोगान्डा समाचार प्रचारण गर्‍यो, 'घटना तुत्सी आतंकवादीले घटाएको आशंका छ।'

मान्छेभित्रको रगत उम्लिन कतिबेर लाग्दो रहेछ र! ८५ प्रतिशत बहुल हुतु समुदाय उत्तेजित भइहाल्यो। दुवै राष्ट्रपति पनि हुतु समुदायकै थिए। त्यसैले उनीहरूलाई कुनै शंका रहेन कि राष्ट्रपतिको हत्यामा तुत्सी अतिवादीबाहेक अरू कसैको हात हुन सक्छ।

त्यसवेला अल्पसंख्यक रूपमा रहेको तुत्सी समुदायको तर्फबाट रुवान्डा प्याट्रियोटिक फ्रन्ट (आरपिएफ) ले लामो समयदेखि अतिवादी संगठन चलाइरहेको थियो। देशबाहिर रहेको यो पार्टीले वेलावेला आतंक सिर्जना गर्थ्यो। तर, उक्त पार्टीले राष्ट्रपति हत्याको जिम्मेवारी कहिल्यै लिएन। र, आजसम्म पनि लिएको छैन।

बरु उनीहरूले उक्त घटनामा हुतु अतिवाद समुदायकै हात रहेको आरोप लगाए। किनकि उक्त घटनाको एक वर्षअघि हुतु अतिवादका केही नेताले राष्ट्रपति हेविअरिमानालगायत ठूला नेतालाई 'देशको अपराधी घोषणा' गरेका थिए। हेविअरिमानाले दुई दशकदेखि राष्ट्रप्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थिए। त्यसअवधिमा हुतुका केही नेताबीच उनीप्रति तीव्र असन्तुष्टि थियो। त्यसैले हुतु अतिवादको एक समूहले 'देशका ती खतरनाक अपराधीलाई एक-एक गर्दै सफाया गर्ने' सूची नै सार्वजनिक गरेको थियो। तर, घटना कसले गरायो ? आजसम्मै रहस्यमा छ।

घटना जसले गराएको भए पनि यसबाट फाइदा भने हुतु अतिवादीले लिन चाहे। उनीहरूले तुत्सी समुदायमाथि राष्ट्रपति हत्याको ठाडो आरोप लगाए। र, हुतु समुदायलाई उत्तेजित बनाउने काम गरे। हुतु समुदायका नेताहरू यस्तै मौकाको पर्खाइमा थिए। किनकि तुत्सी अतिवादीले त्यहाँको सरकारको निँदहराम गरिरहेको थियो। यही मौकामा जनताको साहनुभूति लिएर तुत्सीलाई नामेट गर्न सके, चैनको सास फेर्न सकिने हुतुका नेतालाई लागेको थियो।

त्यसैले उनीहरूले जनतालाई भड्काउने काम गरे। सरकारले नै रेडियो, टेलिभिजनका माध्यबाट तुत्सी समुदायविरुद्ध विष वमन गर्न थाल्यो। सरकारले सेना, प्रहरी, कर्मचारी र सर्वसाधारणलाई आह्वान नै गर्‍यो, 'मुलुक अत्यन्त संकटमा छ, सबैले एकजुट हुनुपर्ने वेला आएको छ।'

सरकारले राष्ट्रिय एकता, अखण्डताका लागि हुतु समुदाय एक हुन आह्वान गर्‍यो। र, जसको हातमा जे हतियार छ, त्यही प्रयोग गरी तुत्सीको सफाया गर्ने अनुमति दियो। भिडलाई के चाहिएको हुन्छ र! फगत एक झिल्को भए पुग्छ। त्यही झिल्कोले सर्वनाश गरिदिन्छ।

त्यसपछि जे नहुनु थियो, त्यही भयो। हुतु समुदायको सत्ताधारी पार्टी नेसनल रिपब्लिक मुभमेन्ट फर डेमोक्रेसी एन्ड डेभलपमेन्ट (एनआरएमडी)को एक 'इन्तेराहाम्बे' भन्ने युवा संगठन पनि थियो, जसका कार्यकर्ता जोसिला र अन्धभक्त थिए। उनीहरू तुत्सीको नरसंहार गर्ने अभियानमा लागे। र, आफ्नो समुदायमा 'एकअर्काका लागि काम गर्ने (वर्क फर टुगेदर)' को नारा नै चलाए।

संगठनका युवा तथा स्थानीयले तुत्सीलाई खोजी-खोजी मार्न थाले। तुत्सी परिवारको कुनै एक व्यक्तिको हत्या गरेर मात्र हुँदैनथ्यो। सम्पूर्ण सदस्यको सफाया गर्ने आदेश थियो। त्यस क्रममा नवजात शिशु पनि बाँकी रहेनन्। वृद्धवृद्धा पनि बच्न पाएनन्।

महिलाको झन् दयनीय अवस्था थियो। समूहिक बलात्कार त सामान्य कुरा थियो। हजारौँलाई यौनदासी बनाइयो। बलात्कारपछिको हत्या निर्ममताको पराकाष्ठा थियो। पहिला स्तन काट्थे। त्यसपछि यातना दिएर हत्या गर्थे।

आफ्नै परिवारका तुत्सी समुदायको कोही रहेछ भने पनि नछाड्ने निर्देशन थियो। उनीहरूप्रति कसैले सहानुभूति देखाए, त्यसको पनि हत्या हुन्थ्यो। त्यसैले आफूले प्रेम गरेकी तुत्सी श्रीमतीको पनि हुतु श्रीमान्ले हत्या गर्नुपर्‍यो।

एकै क्षेत्रका आदिवासी जनजाति भएकाले हुतु र तुत्सीको भाषादेखि रीतिरिवाज मिल्दोजुल्दो थियो। एकै रहनसहन थियो। केही गाउँमा हुतु र तुत्सी अत्यन्त मिलेर बसेका थिए। उनीहरूमा बिहेबारी चल्नु नौलो थिएन। तर, कालान्तरमा सोचाइमा फरक आयो। छिमेकीले छिमेकीको हत्या गर्नुपर्ने दिन आइदियो। ससुरा स्वयंले तुत्सी बुहारीको हत्या गर्नुपर्‍यो। हुतु समुदायबाट भित्रिएकी बुहारी आफैँले पति, सासू, ससुरासमेतको हत्या गर्न बाध्य हुनुर्पयो।

हुतु अतिवादीले आफ्नै रेडियो स्टेसन, समाचार-पत्र र टेलिभिजन सञ्चालन गरेका थिए। उनीहरूको काम नै गोयबल्स शैलीमा प्रपोगान्डा मच्चाउनु थियो। तुत्सीका बारेमा यसो भनिन्थ्यो, 'साङ्लालाई मुक्ति देऊ' (तुत्सीको हत्या गर)। तुत्सी समुदायको जो अलि ठूलो व्यक्ति मारिन्थ्यो, समाचार संस्थाहरू हर्षबढाइँ गर्थे र बढाइ-चढाइ गरेर समाचार सम्प्रेषण गर्थे। यसले हुतुलाई अझ उत्तेजित बनाउँथ्यो।

हुतु युवाले त्यतिवेला तुत्सी पुजारीलाई समेत छाडेनन्। चर्चमा आश्रय लिएर बसेका तुत्सीमाथि पनि आक्रमण गरे। सडक कब्जा गरिएको थियो। विभिन्न नाकाबाट बाहिरिने स्थानमा हुतु अतिवादी युवा पहरेदार थिए। त्यहाँ परिचयपत्र हेरी तुत्सीको हत्या गर्थे।





अल्पसंख्यक तुत्सी समुदायका लागि आश्रय लिने कतै ठाउँ थिएन। उनीहरू खुला बाटो, चौरबाट भाग्न खोज्थे। तर हुतुका कोही न कोहीले भेटिहाल्थ्यो। जहाँ भेट्यो, त्यहीँ खुकुरी, लाठी, भाला, खुँडा प्रहार गरी हत्या गरिन्थ्यो। दौडँदै गरेको मानिसलाई पछाडिबाट ढुंगा हानेरसमेत हत्या गरियो।

त्यतिवेला तुत्सी समुदायको पहिचान गर्न हुतुलाई कुनै समस्या थिएन। बेल्जियमको उपनिवेश रहेका वेला तुत्सी समुदाय सत्तामा थिए। राज्यको सुविधा उपयोग गर्न सरकारले परिचयपत्र वितरण गरेको थियो। त्यही परिचयपत्र नै यतिवेला अभिशाप बनेको थियो।

स्थिति यति दर्दनाक थियो कि रुवान्डाको सडक, चोक, गल्ली, चौर, जतातते लासैलासको डंगुर थियो। अन्तिम संस्कार गर्ने सदासयतासमेत कसैले देखाइरहेका थिएनन्। केही ठाउँमा सामूहिक रूपमा खाल्डो खनी पुरिए। तर, कुकुर, ब्वाँसाले खाल्डो खोस्रेर शवलाई बाहिर निकालिदिन्थे। शवको दुर्गन्धले बाटोघाटो हिँड्न नसकिने अवस्था थियो। महामारी फैलिरहेको थियो, तर पनि कसैले चासो देखाइरहेको थिएन।

यस्तो घटना करिब सय दिनसम्म निरन्तर चलिरह्यो। विभिन्न तथ्यांकअनुसार करिब १० लाखको हत्या भएको थियो। त्यसमध्ये ७० प्रतिशतभन्दा बढी तुत्सी समुदायका थिए। दुई लाखभन्दा बढी महिलाको सामूहिक बलात्कार भयो। धरैजसो निर्मम यातना दिएर मारिए। २० लाखभन्दा बढी विस्थापित हुन पुगे। उनीहरू छिमेकी मुलुक युगान्डा, जायर र कायरोमा शरण लिन बाध्य भए।

घटनाको लामो पृष्ठभूमि हुन्छ। रुवान्डा नरसंहारलाई पनि तत्कालीन घटनाक्रमको अध्ययनले मात्र बुझ्न सकिँदैन। यसको पृष्ठभूमि लामो थियो। सन् १९१८ सम्म रुवान्डाको स्थिति सामान्य थियो। देश गरिब थियो तर हिंसा थिएन। तुत्सी समुदायको राजसंस्था थियो। अल्पसंख्यक तुत्सीले बहुसंख्यक हुतुलाई शासन गर्दा निश्चय नै असन्तुष्टि हुन्छ। तर, त्यसवेलाको राजसंस्थाले युरोपको सहयोगमा शासन सत्ता चलाइरहेको थियो। पहिले यो देशमा जर्मनीको नियन्त्रण थियो। जर्मनीको पतनपछि बेल्जियमको नियन्त्रणमा रह्यो।

राजसंस्थाले तुत्सीलाई राज्यका स्रोत, साधन र सेवामा पहुँच दिन परिचयपत्र वितरण गरेको थियो। त्यसवेला रुवान्डामा तुत्सी, हुतु र तोवा गरी तीन समूहमा जातीयकरण गरिएको थियो। सबैभन्दा धेरै हुतु थिए। कुल जनसंख्याको ८५ प्रतिशत ओगट्ने यो समुदायलाई भूमिपुत्रसमेत भनिन्थ्यो। तुत्सी समुदाय १५ प्रतिशतको हाराहारीमा थिए। उनीहरूको मुख्य पेसा सरकारी कामकाज थियो। साथै उनीहरू पशुपालन गरेर जीविकोपार्जन गर्थे। उनीहरूलाई राज्यले उच्च जाति मानेको थियो। तोवा समुदायको जनसंख्या नगण्य थियो। तर समयले राजसंस्थालाई सधैँ साथ दिएन। हुतु समुदायको आवाजलाई अमेरिकाले स्थान दिन थाल्यो। युरोपले पनि राजसंस्थाको साथ छाड्यो। त्यसैको परिणामस्वरूप हुतुले सन् १९६२ मा राजसंस्था ढाले र सत्तामा पुगे। तुत्सी समुदायको विचल्ली भयो। ठूला नेता-कार्यकर्ता, कर्मचारी देश छाड्न बाध्य पारिए। निम्नवर्गकाहरू पिल्सिएर बस्न विवश भए।

तुत्सी समुदायका नेता चुप बसेनन्। उनीहरूले देशबाहिरबाट पनि संघर्ष चलाइरहे। सन् १९८० को दशक भने तुत्सीका आक्रमण थेगिनसक्नु भइसकेको थियो। हुतु शासक त्यसलाई निर्ममतापूर्वक दबाउन चाहन्थ्यो। सन् १९९० देखि १९९३ सम्म तुत्सीले निर्णायक आक्रमण गर्‍यो। यसले हुतुलाई गलाउन सफल भयो। दुवै संगठनमाथि अन्तर्राष्ट्रिय दबाब पनि थियो। सन् १९९३ मा दुवै पक्षले युद्ध विराम गर्दै माग सम्बोधन गर्न राजी भए। तर, राष्ट्रपतिको हत्यापछि त्यो शान्ति-सम्झौता भंग भई त्यसले जातीय नरसंहारको रूप लिएको थियो।

रुवान्डा घटनामा अन्तर्राष्ट्रिय समुदायको मौनता उदेकलाग्दो देखिन्छ। त्यहाँ पहिल्यैदेखि राष्ट्रसंघको शान्तिसेना थियो। तर, तिनीहरूलाई हतियार उठाउने निर्देशन थिएन। शान्तिसेनाले हतियार उठाउनुको त के कुरा, सेनाकै अगाडि स्थानीयले अर्को जातिको निर्मम हत्या भइरहेको हुन्थ्यो। उनीहरूले रोक्ने प्रयाससम्म गरेनन्। सडकमा फ्रान्स, बेल्जियम र राष्ट्रसंघलगायत सेनाको बख्तरबन्द गाडी दगुर्थे। त्यही छेउबाट घरेलु हतियारधारी समूह पनि हिँडिरहेको हुन्थ्यो। सेनाका जवान मुस्कुराएर हात हल्लाउँदै अघि बढ्थे।

त्यसवेला रुवान्डमा राष्ट्रसंघका २ हजार ५ सय शान्तिसेना कार्यरत थिए। त्यसका कमान्डर रोमियो डलायरले हिंसा रोक्ने निर्देशनका लागि राष्ट्रसंघसँग अनुमति मागेका थिए। त्यसवेला राष्ट्रसंघको शान्ति स्थापना विभागका इन्चार्ज कोफी अन्नान थिए, जो पछि महासचिवसमेत भए, उनले कुनै आदेश दिएनन्। पछि उनले खेद व्यक्त गर्दै भनेका छन्, 'हामी सबैलाई नमिठो खेद छ कि रुवान्डा नरसंहार रोक्न हामी केही गर्न सक्थ्यौँ, तर केही गरेनौँ।'

त्यसवेला अमेरिकामा राष्ट्रपति बिल क्लिन्टन थिए। उनले पनि धेरै पछि रुवान्डा भ्रमणमा भनेका थिए, 'मलाई लाग्दैन थियो कि हामी हिंसा रोक्न सक्थ्यौँ, तर निश्चित रूपमा क्षति कम गर्ने पहलचाहिँ गर्न सक्थ्यौँ। मलाई यसैमा खेद छ।'

तुत्सीको पार्टी आरपिएफ युगान्डामा बसेर आफ्नो गतिविधि गरिरहेको थियो। उक्त पार्टीलाई युगान्डा सरकारको ठूलो सहयोग थियो। जब रुवान्डा सरकार र हुतु समुदाय तुत्सीको सफायामा तल्लीन थिए, आरपिएफले आफ्ना लडाकुको ठूलो समूह रुवान्डा भित्र्यायो। बिस्तारै यसले रुवान्डाको ठूलो भूभागमाथि कब्जा जमायो। नरसंहार चलेको सय दिन नपुग्दै सन् १९९४ जुलाई ४ मा राजधानी किगाली नियन्त्रणमा लियो र तुत्सीका लडाकुले राजधानीमा मार्च गरे।

त्यसपछि हुतुका लडाकु, सरकारका वरिष्ठ अधिकारी र सेना प्रहरीका अधिकारी भाग्न बाध्य भए। तुत्सीले नरसंहारको बदला लिन्छन् भन्ने उनीहरूमा डर थियो। करिब २० लाख हुतु जो नरसंहारमा संलग्न थिए, सीमापारको जायर (हालको डेमोक्रेटिक रिपब्लिक अफ कंगो) मा शरण लिन पुगे। केही छिमेकी मुलुक तन्जिनिया, बुरुन्डीमा शरण लिन पुगे।

युगान्डा, तान्जिनिया, कंगो र बुरुन्डीले चारै दिशाबाट घेरेको यो सानो मुलुक भूपरिवेष्टित राष्ट्र हो। २६ हजार ३ सय वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यो देशमा १ करोड २० लाख जनसंख्या छ। सानो मुलुक भए पनि लामो समय जातीय द्वन्द्व र गृहयुद्धमा फसेकाले कुनै वेला यहाँ व्यापक भोकमरी थियो। अधिकांश सर्वसाधारण कुपोषण ग्रस्त थिए। शिक्षा स्वास्थ्यको राम्रो व्यवस्था थिएन।

तर, हुतु समुदायबाट तुत्सीले सत्ता लिएयता त्यहाँ २५ वर्षदेखि कागामे नै राष्ट्रपतिका रूपमा चुनिँदै आएका छन्। कागामे नरसंहारताका तुत्सीको आरपिएफ पार्टीका शीर्ष नेता थिए।

नरसंहारपछि जातीय सद्भाव कायम गर्ने चुनौती थियो। त्यसमा कागामे सफल रहेको विश्लेषण गरिएको छ। यतिवेला त्यहाँ जातिवादको विषयमा चर्चा गर्न प्रतिबन्ध छ। त्यहाँ स्थिर सरकार छ। आर्थिक गतिविधिमा फड्को मारिरहेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्। कागामेले रुवान्डालाई आर्थिक हबका रूपमा विकास गरिरहेका छन्। यतिवेला रुवान्डाको आर्थिक वृद्धि ८ प्रतिशतको हाराहारी छ। प्रतिव्यक्ति आय करिब २ हजार अमेरिकी डलर छ।

कागामे रुवान्डामा निकै लोकप्रिय छन्। उनले तेस्रोपटक सन् २०१७ मा राष्ट्रपतिको चुनाव लड्दा ९८ दशमलव ६३ प्रतिशत मत हासिल गरेका थिए। उनलाई स्थानीय सञ्चारमाध्यमले सिंगापुरका ली क्यू वानका रूपमा चित्रण गर्ने गरेका छन्। तर उनीमाथि विपक्षीलाई देखिनसहने आरोप पनि छ। उनले आफूविरुद्ध आवाज उठाउनेलाई मुलुकभित्र होस् वा बाहिर, जहाँ भए पनि सफाया गरिदिने आरोप खेप्ने गरेका छन्। उनले पनि गत शनिबार २५ वर्षअघिको नरसंहार सम्झिए। '२५ वर्षअघि पनि हामी यहीँ थियौँ तर हाम्रासामु अँध्यारोसिवाय केही थिएन,' नरसंहारको २५ वर्ष पुगेको दिन त्यही वेलादेखि हालसम्म राष्ट्रपति रहेका पल कगामे शनिबार राजधानी किगालीमा आयोजित स्मृतिसभामा



भनिरहेका थिए, '२५ वर्षपछि पनि हामी यहीँ छौँ, तर अहिले हाम्रा सामुअँध्यारो होइन, सुन्दर उज्यालो छ। हामी भित्रैदेखि घाइते भएका थियौँ, तर टुक्रिएका थिएनौँ। त्यसैले यतिवेला समग्र रुवान्डा एकै परिवार भएका छौँ।'


नरसंहारका क्रममा लाखौं महिला बलात्कृत भए। कतिपय बलात्कारपछि मारिए, कतिपय कसो-कसो गरी बाँच्न सफल भए। जो बाँच्न सफल भए, केही त गर्भवती भए। सन्तानलाई जन्म दिए। तर, उनीहरूमा सन्तानप्रति कुनै माया भएन। किनकि उनीहरूलाई लाग्थ्यो कि 'ती सन्तान त्यस्तो व्यक्तिका थिए, जसले आफ्नै आँखाअगाडि आफ्ना पति, बाबु, आमा वा अन्य सन्तानको हत्या गरेको थियो।' अर्थात् ती सन्तान भयंकर अपराधीका नासो थिए। पुलित्जर सेन्टरमा द्वन्द्वसम्बन्धी रिपोर्टिङ र फोटोग्राफी गर्दै आएकी जोनाथान तोगोनिकले न्युयोर्क टाइम्समा लेखेकी छिन्, 'ती आमाले वर्षौंसम्म सन्तानलाई हेर्नसम्म चाहेनन्।' उनले केहीअघि घटनाबाट पीडित महिला र तीबाट जन्मेका सन्तानलाई भेटेर फोटो फिचर लेखेकी थिइन्। त्यतिवेला बलात्कृत भएका महिलाबाट जन्मेका बच्चा यतिवेला २५ वर्ष पुगिसकेका छन्।

*(एजेन्सीको सहयोगमा)*

रोचक

## यो हो विश्वकै अग्लो परिवार





एजेन्सी। मिनिसोटाको ट्र्याप परिवार आधिकारिक रूपमै विश्वकै सबैभन्दा अग्लो परिवार हो। परिवारको औषत उचाइ ६ फिट ८ दशमलव ०३ इन्च छ। क्रिसी ट्र्याप भन्छिन् उनी परिवारकै फुच्ची सदस्य हुन्। ६ फिट ३ इन्च उचाइकी उनी निश्चय नै औषत महिलाभन्दा अग्ली छिन्। तर, परिवारमा भने उनी वास्तवमै डल्ली देखिन्छिन्। उनका पति स्कट ६ फिट ८ इन्च अग्ला छन्। जबकी उनका दुई छोरीहरू सभन्ना र मोली क्रमशः ६ फिट ८ इन्च र ६ फिट ६ इन्च छन्।

ट्र्याप परिवारकी कान्छी सदस्य एडम ट्र्याप ७ फिट ३ इन्च अग्ला छन्। सँगसँगै उनीहरू सबैको उचाई जोड्दा टेनिस कोर्ट मैदानको आधा हुन्छ। परिवारका सबभैन्दा अग्ला ट्र्यापलाई विश्वकै सबैभन्दा अग्लो परिवारको विश्व रेकर्ड राख्ने विचार आयो। सम्पूर्ण परिवार अर्थोपेडिक्स चिकित्सक डा। अन्ना सुडोहलाई भेटे।

यसलाई आधिकारिक बनाउनको लागि प्रत्येक सदस्यको उचाइ गणना गर्न उभिएर र सुतेर दिनमा तीन पटक नाप्नुपर्थ्यो। सन् २०२० को ६ डिसेम्बरमा गिनिजले ट्र्यापसलाई विश्वकै सबैभन्दा अग्लो परिवारको मान्यता दिएको थियो। ट्र्याप परिवारलाई कपडा र जुत्ताहरू किनमेल गर्न पनि समस्या छ। आफूहरूलाई मिल्ने साइज पाइदैन्।

## युक्रेनी बालबालिकाको शरीरमा किन लेखिदैंछ यस्तो ?


किभ। रुसी सेनाको हमलामा जुनसुकै बेला मारिने डरले युक्रेनी परिवारहरूले आफ्ना बालबालिकाको शरिरमा पारिवारिक विवरण लेख्न थालेका छन्। युद्ध प्रताडि युक्रेनमा यी अनौठा तस्विर सामाजिक सञ्जालमा भाइरल भइरहेका छन्। द्वन्द्वको वास्तविकतालाई उजागर गर्ने यी तस्बिरलाई धेरै पत्रकारहरूले ट्विट गरिरहेका छन्। 'युक्रेनी आमाहरूले आफ्ना छोराछोरी मारिए र उनीहरूको बच्चा बाँचेको अवस्थामा तिनीहरूको शरिरमा पारिवारिक सम्पर्कहरू लेख्छन्। युरोप अझै ग्यासको बारेमा छलफल गरिरहेको छ,' एक स्वतन्त्र पत्रकार अनास्तासिया लापातिनाले ट्वीटरमा लेखेकी छिन्।



'युद्धमा आफूहरू मारिने र बच्चा बाँच्न सक्ने अवस्था आउन सक्ने भएकाले युक्रेनी महिलाले आफ्ना बच्चाहरूको शरिरमा पारिवारिक सम्पर्क लेखिरहेका छन्। र, युरोप भने अझै ग्यासबारे बहस भइरहेको छ', स्वतन्त्र पत्रकार अनास्तासिला लापातिनाले ट्विट गरेका छन्।

उक्त तस्विर बालिकाकी आमा साशा माकोभीले तीन दिनअघि इन्स्टाग्राममा पोस्ट गरेकी थिइन्। पोष्ट स्थानीय भाषामा छ। 'यदि केही भयो भने कसैले उनलाई जीवित रूपमा स्वागत गर्नेछ' भनेर महिलाले आफ्नी छोरी भेराको नाम उनको शरिर पछाडि लेख्ने निर्णय गरेको बताइन्छ। अर्को तस्विरमा माकोभीले आफ्नो परिवार सुरक्षित छ। उक्त तस्विरप्रति प्रतिक्रिया जनाउँदै एक ट्विटर प्रयोगकर्ताले भने, 'हृदयविदारक। कुनै शब्द छैन।'

## प्रेरक गान्धीको विचार



भारतीय स्वतन्त्रता संग्रामको सफलतापछि महात्मा गान्धी सेमिनारमा भाग लिन लण्डन गए । साथमा उनका स्वकीय सचिव महादेव देसाइँ पनि थिए । लण्डन पुगेपछि देसाइ जर्ज बर्नाड शालाई भेट्न गए । उनले आफू गान्धीसँग सेमिनारमा आएको बताए । यहाँ आएको बेला जर्जसँग भेट्न सौभाग्य मिल्यो भनेर सुनाए ।

जर्ज बर्नाड शाले भने एक गान्धीजी पनि आउनुभएको छ । देशाईले भने, तपाईं पनि त उहाँलाई महात्मा भन्नुहुन्छ नि । जर्ज बर्नाड शाले जवाफ दिए- हो म गान्धीलाई महात्मा भन्छु तर दोस्रो नम्बरमा । देसाईंले फेरि सोधिहाले, पहिलो नम्बरमा महात्मा कसलाई मान्नुहुन्छ तपाईं । शाले शान्तपूर्वक जवाफ फर्काए, म आफैंलाई ।

जर्ज बर्नाड शाले आफूलाई एक नम्बर महात्मा बताए । गान्धीको यसरी अपमान गर्लान् भन्ने महादेव देसाईलाई लागेको थिएन । देसाई शाको भनाइले निकै दुखित देखिए । भलाकुसारीपछि देसाइ गान्धीकहाँ आए । उनले सुनाइ, महात्मा जर्ज बर्नाड शाले तपाईंलाई महात्मा दोस्रो नम्बरमा मान्छन् रे । पहिलो महात्मा त उनी आफैं पो हुन् रे । स्वकीय सचिवको कुरा सुनेर गान्धी एकक्षण घोरिए, अनि भने हैन हो जर्ज बर्नाडले ठीकै भने कि क्या हो ।

देशाइले असन्तुष्टि पोखे, जर्ज कसरी एक नम्बरको महात्मा हुन सक्छन् । उनले मान्छेहरूका लागि के त्याग गरेका छन् ? गान्धीले देसाइलाई सुझाए, महादेव, हरेक मान्छेले आफूलाई नै ठूलो ठान्छ । यो मानवीय स्वभाव हो । जर्ज बर्नाडले पनि आफैंलाई ठूलो ठान्नु स्वाभाविक हो । यस्तो चिन्तनबाट माथि नउठी कोही महात्मा हुन सक्दैन । आफूबाहेक अरुलाई नदेख्ने सोचाइ साँच्ची पाखण्डीपूर्ण छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्य पाइनेछ । आम्दानी बढ्नेछ । रोकिएको काम बन्नेछ र जिम्मेवारी पनि बढ्नेछ । दिउँसोदेखि अवसरका लागि केही दौडधुप गर्नुपर्ला । व्यवसायमा थप लगानी आवश्यक पर्नेछ । भैपरी आउने समस्याले खर्च बढ्नेछ भने आलस्य गर्ने बानीले पछि परिनेछ ।

### वृष

आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । दिउँसोदेखि गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व बढ्नेछ । आयआर्जनका नयाँ स्रोतसमेत फेला पर्नेछन् । पुरानो समस्या सुल्झानाले विभिन्न अवसर प्राप्त हुनेछन् । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

### मिथुन

समाजमा विवादास्पद काम गर्नुपर्दा समस्यामा परिनेछ । ईर्ष्यालु मन भएकाहरूले सताउनेछन् । अरूका काममा धेरै समय व्यतीत गर्नुपर्नेछ । हडबडको त्रुटिले काम दोहोर्याउनुपरे पनि दिउँसोदेखि स्थितिमा सुधार आउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काम सुरु गर्ने अवसर प्राप्त हुनेछ । व्यवसायमा पनि प्रगति हुनेछ ।

### कर्कट

अस्वस्थताले काममा बाधा पुग्न सक्छ । खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । दिउँसोदेखि आंशिक फाइदा भए पनि काम पूरा गर्न समय लाग्नेछ । अरूका लागि केही रकम र बुद्धिसमेत खर्चनुपर्ला । बाध्यात्मक परिस्थितिले काम रोकिनेछ ।

### सिंह

हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । आफन्तको सत्कार पाइनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । दिउँसोदेखि स्वास्थ्य कमजोर रहनेछ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । समयमा सजग नहुँदा कर्मफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

### कन्या

स्रोतसाधन जुट्नाले काम बन्नेछ । लगानी बढाउनुपरे पनि नयाँ व्यवसाय थालनी हुनेछ । बलभन्दा बुद्धि लगाउँदा लक्ष्य प्राप्ति हुनेछ । दिउँसोदेखि आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । जीवनशैलीमा परिवर्तन आउन सक्छ । व्यवसायको सन्दर्भमा यात्रा हुनेछ । काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ । दिगो काम थाल्ने समय छ ।

### तुला

कामको मेसो नमिल्दा केही अलमल हुनेछ । समयमा गम्भीर नबन्दा पनि दुःख पाइनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । दिउँसोदेखि चुनौती पन्छाएर काम बनाउन सकिनेछ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा दिलाउनेछ । स्रोतसाधन जुट्नाले जटिल काम समेत सम्पादन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### वृश्चिक

काममा बाधा पुर्याउनेहरू देखा पर्नेछन् । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । साझेदारीमा असमझदारी बढ्नेछ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । अरूको सुझावमा भर नपर्नुहोला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । तर महत्त्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला । आस मरे पनि मेहनत गर्दा पछिलाई फाइदा हुनेछ ।

### धनु

रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ भने आर्थिक साझेदारीबाट पनि राम्रो लाभ मिल्नेछ । तर गोपनीयता बाहिरिनाले काममा समस्या पर्न सक्छ । दिउँसोदेखि आफन्त टाढिनेछन्, सजग रहनुहोला । व्यसायमा काम बिग्रनाले केही दौडधुप गर्नुपर्नेछ । अनायासै साथीभाइ टाढिनाले एक्लोपना अनुभूति हुनेछ ।

### मकर

अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ । फजुल खर्च बढ्नेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ । वादविवादमा अघि नसर्नुहोला । दिउँसोदेखि नयाँ योजनातर्फ अग्रसर भइनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

### कुम्भ

लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । हतारमा निर्णय लिँदा काम दोहोर्याउनुपर्ने हुन सक्छ । तापनि दिगो काम सुरु गर्ने समय छ । धेरै बोल्दा समस्या आउन सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ ।

### मीन

आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ । दिउँसोदेखि महत्त्वाकांक्षी काम प्रारम्भ हुनेछ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले उत्साह जगाउनेछन् । नोकरीमा ठूलै जिम्मेवारी आउनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Denigrate = कालो बनाउनु । चरित्र हत्या गर्नु His every attempt to denigrate the character of his boss failed आफ्नो हाकिमको चरित्र हत्या गर्ने उसका हरेक प्रयास असफल भयो ।

Elegy = विरही गीत वा कविता On the death of the beloved leader, the renowned musician composed an elegy आफ्नो प्रिय नेताको मृत्युमा प्रख्यात संगीतकारले विरही गीत रचना गरे ।

Felicitous = मिलाएर भन्न जान्ने । अभिव्यक्ति वा शब्द चयन गर्न जान्ने कला He is always chosen as master of the ceremony for his felicitous ability शब्द वा अभिव्यक्ति चयन गरी बोल्न जान्ने उनको योग्यताले गर्दा सभा सम्मेलन संचालन गर्ने काममा सधैंजसो उनी नै छानिन्छन् ।

Grandiloquent = क्लिष्ट शब्द प्रयोग गर्ने प्रवृत्ति Being a politician he should be simple in his expression not grandiloquent राजनीतिज्ञ भएर उनले आफ्ना अभिव्यक्ति सादा बनाउनु पर्दछ, क्लिष्ट होइन ।

Hoard = अनावश्यक रूपले थुपार्ने The merchants hoard the goods to create artificial shortage to inflate the price मूल्य बढाउने हेतुले व्यापारीहरू आफ्नो गोदाममा वस्तुहरू थुपारी कृतिम अभाव सिर्जना गर्दछन् ।

Impassive = प्रतिक्रियाविहिन, भावनाविहिन The accused was totally impassive even if the judge sentenced him to ten years in prison न्यायाधिशले दश वर्षको कैद सजाय सुनाउँदा पनि दोषीले कुनै पनि प्रतिकृया देखाएन ।

Jabber = छिटो तर अशुध्द बोल्ने । बडबडाउनु Why should he jabber in English if does not know even normal grammatical rules यदि साधारण ब्याकरणको नियम थाहा छैन भने उसलाई किन अंग्रेजीमा बडबडाउनु परेको होला ।

Kinetic = घुम्दा गति उत्पादन गर्ने शक्ति Without kinetic energy an airplane can't fly आफैं घुम्दा निस्कने शक्तिविना हवाईजहाज उड्न सक्तैन ।

Lethargic = अल्छी, जोश र जाँगर नभएको One can not expect creativity from a lethargic person like him ऊ जस्तो जोश र जाँगर नभएको मानिसले केही सिर्जना गर्ला भनी कसैले आशा पनि राख्न सक्तैन ।

Mendacious = झूटो बोल्ने, बेइमान As I found him mendacious, I left his company जब मैले ऊ बेइमान रहेछ भन्ने कुरा पत्ता पाएँ, मैले उसको संगत छाडिदिएँ ।

## Beat बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Beat down on somebody = तात्नु , पोल्नु In summer sun beats down on everything equally गृष्ममा घामले सबैलाई उत्तिकै पोल्छ ।

Beat down on something = झार्नु He wanted Rs. 500,000 for his car but I beat the price down to Rs. 300,000 उसले आफ्नो कार ५ लाखमा बेच्न चाह्यो तर मैले त्यसलाई घटाइ ३ लाखमा झारेँ ।

Beat somebody into = पुर्याउनु The torture given by police beat him down to death प्रहरीले दिएको यातना उसलाई मृत्युको मुखमा पुर्यायो ।

Beat somebody off = परास्त गर्नु A special army squd off the terrorists' gang सैनिकको एक विशेष गस्तीले आतंककारीको समूहलाई परास्त गर्यो ।

Beat something off = असफल पार्नु The police beat off the attack made by robbers डाकाहरूको आक्रमणलाई प्रहरीले असफल पारिदियो ।

Beat something out = निभाउनु The villagers beat the fire out to save the forest जंगल जोगाउन भन्दै गाउँलेहरूले आगो निभाए ।

Beat somebody to = भेट्नु I will beat you to the top of the hill म तिमीलाई पहाडको टुप्पामा भेटनेछु ।

Beat somebody up = चुट्नु They beat badly up a gang of thugs तिनीहरूले ठगहरुको एक समूहलाई नराम्ररी चुटिदियो ।

## सुडोकु-अंक २५८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | | ६ | २ | |
| १ | | ५ | | | | | | |
| ६ | | | २ | ४ | | | १ | |
| | | | ७ | | ५ | ३ | | |
| ८ | | ९ | | | | ५ | | ४ |
| | | ६ | ३ | | ४ | | | |
| | ५ | | | ६ | ९ | | | २ |
| | | | | | | ८ | | ६ |
| | ६ | ४ | | ७ | | | | |

## अंक २५७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ७ | १ | २ | ९ | ६ | ५ | ३ | ८ |
| ५ | ८ | ९ | ३ | १ | ४ | ६ | ७ | २ |
| ३ | २ | ६ | ५ | ७ | ८ | १ | ९ | ४ |
| १ | ६ | ५ | ४ | ३ | ९ | २ | ८ | ७ |
| ७ | ४ | ३ | ८ | २ | ५ | ९ | १ | ६ |
| ८ | २ | ९ | ७ | ६ | १ | ३ | ४ | ५ |
| २ | ५ | ७ | १ | ८ | ३ | ४ | ६ | ९ |
| ६ | १ | ८ | ९ | ४ | २ | ७ | ५ | ३ |
| ९ | ३ | ४ | ६ | ५ | ७ | ८ | २ | १ |

# समाचार

## सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाडौ । चितवन, इच्छाकामना गाउँपालिका-३ चुम खोलास्थित सडकमा मोटरसाइकललाई ट्रकले ठक्कर दिँदा मोटरसाइकल चालक अछाम तुरमाखात गाउँपालिका-५ बस्ने २७ वषीय भरत शाहीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

यसैगरी चितवन, भरतपुर महानगरपालिका-१९ शारदानगर टाउनस्थित सडकमा माइक्रोबसको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ५६ वषीय लक्ष्मण राईको बुधबार बिहान घटनास्थलमै मृत्यु भएको छ ।

बारा, जितपुरसिमरा उपमहानगरपालिका-१६ बालगंगा पुल नजिक सडकमा ट्रक र बोलेरो एक आपसमा ठक्कर खाई मंगलबार बेलुकी दुर्घटना हुँदा बोलेरो चालक कलैया उपमहानगरपालिका-१५ बकुल्हार बस्ने २५ वषीय अजय सहनीको घटनास्थलमै मृत्यु भएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । स्याङ्जा, हरिनास गाउँपालिका-१ भुटियाखोलास्थित सडकमा ट्याक्टरबाट खसेर सोही ठाउँ सालडाँडा बस्ने ६६ वषीय बुद्ध भुजेलको मंगलबार राति मृत्यु भएको छ । ट्याक्टरबाट खसेका उनको सोही ट्याक्टरले किच्दा मृत्यु भएको हो । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

मोरङ, बुढिगंगा गाउँपालिका-३ शान्ति चोकस्थित सडकमा कारले मोटरसाइकललाई मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक सोही गाउँपालिका-२ बगवन बस्ने ३० वषीय शोभा राजबंशीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिराट मेडिकल कलेज गंगाचोकमा उपचारको क्रममा मृत्यु भएको हो । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

कपिलबस्तु नगरपालिका-४ गोपालपुरस्थित सडकमा यूपि ५५ एक्स ९१८० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ७५ वषीय पंचम अहिरको मंगलबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । वडा प्रहरी कार्यालय तौलिहवाबाट खटिएको प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## डुबेर मृत्यु

गुल्मी । छत्रकोट गाउँपालिका-३ देउराली बस्ने चन्द्र अर्यालको छोरा १० वषीय शुसान्त अर्यालको सोही ठाउँस्थित भालुपानी देबिस्थान मन्दिर परिसरको पोखरीमा डुबेर मंगलबार दिउँसो मृत्यु भएको छ । मन्दिर परिसरमा खेल्ने क्रममा उक्त पोखरीमा डुबेर उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रिडी र प्रहरी चौकी श्रृगाबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## मृत अवस्थामा फेला

काठमाडौ । दाङ, घोराही उपमहानगरपालिका-९ अस्वरा बस्ने ४७ वषीय जग्गु थारू आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन् । डोटी, शिखर नगरपालिका-८ डोके बजारस्थित घोरेटो बाटोमा सोही नगरपालिका-१० बाण्डुङ्गिसैन बस्ने ५४ वषीय शेर बहादुर बलायर मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१७ चौलिका चोकस्थित सार्वजनिक शौचालय छेउको कोठामा सोही शौचालयमा काम गरी बस्ने भारत सितापुर तम्मोर गाउँ घर भएका ३९ वषीय राकेश बाल्मिकी मंगलबार मृत अवस्थामा फेला परेका छन् । इलाम, माई नगरपालिका-३ सितली डेरा गरी बस्ने उदयपुर बेलका नगरपालिका-८ घर भएका २९ वषीय दिनेश राई आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

यसैगरी ईलाम, सूर्योदय नगरपालिका-१ टिमुरे बस्ने ३९ वषीय कुल बहादुर थापा सोही ठाउँस्थित टिमुरे भिरबाट करिब ५० फिट तल मंगलबार मृत अवस्थामा फेला परेका छन् । घरबाट खाने पानी बनाउन खोलातर्फ हिँडेका उनी फर्कि नआएपछि खोजी गर्ने क्रममा उक्त स्थानमा उनको शव फेला परेको हो । चितवन, भरतपुर महानगरपालिका-१ नारायणी नदी छेउमा तीरमा रुपन्देही तिलोत्तमा नगरपालिका-१२ बुधबारे बस्ने ५२ वषीय टोपलाल खरेल मंगलबार मृत अवस्थामा फेला परेका छन् । सिरहा, भगवानपुर गाउँपालिका-१ हुलाकी सडकखण्डमा हाल नाम, थर, वतन नखुलेका करिब २७ वषीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

## मृत अवस्थामा फेला

खोटाङ । हलेसी तुवाचुङ नगरपालिका-१ दौठेखोला छेउमा सुनसरी बराहक्षेत्र नगरपालिका-९ प्रकाशपुर बस्ने ४६ वषीय रुद्र बहादुर भुजेल सोमबार मृत अवस्थामा फेला परेका छन् । दौठेखोला छेउमा डिएस कम्पनीमा काम गर्न भनि गत आइतबार गएका उनी सोही ठाउँमा मृत अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी च्यास्मीटारबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । सिरहा, सिरहा धनगढिमाई नगरपालिका-७ स्थित सडकमा अन-टेष्ट मोटरसाइकल आफैं अनियन्त्रित भई सोमबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक धनगढिमाई नगरपालिका-७ बस्ने १५ वषीय हरि नारायण महतोको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको आर ।के ।मेडिसिटि अस्पताल धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

कालीकोट, खाँडाचक्र नगरपालिका-८ शेरावाडास्थित सडकमा ना ।७ ख १०१८ नम्बरको ट्रकको ठक्करबाट दैलेख महावु गाउँपालिका-६ टाकुरी बस्ने हिक्मत दर्लामी मगरको १८ महिनाको छोरा धर्मराज दर्लामी मगरको सोमबार बिहान घटनास्थलमै मृत्यु भएको छ । ट्रक र ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## करेन्ट लागेर मृत्यु

भोजपुर । रामप्रसादराई गाउँपालिका-७ आरीखोला घर भई भोजपुर नगरपालिका-१२ मोरिया बस्ने २५ वषीय गणेश थापाको सोमबार बिहान करेन्ट लागेर मृत्यु भएको छ ।

रुखबाट घाँस झार्ने क्रममा विजुलीको तारमा रुखको हाँगा झरी करेन्ट लाग्दा उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय भोजपुरबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## सवारी दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौं । धादिङ, थाक्रे गाउँपालिका-७ जुगेँखोला नजिक बा ।५ ख ८४४३ नम्बरको बस र बाग्मती प्रदेश ०१-०२५ च २९६८ नम्बरको कार एकआपसमा ठक्कर खाई आइतबार दिउँसो दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूमध्ये टिचिङ अस्पतालमा २ जना र ट्रमा सेन्टरमा ३ जनाको उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मकवानपुर, मनहरी गाउँपालिका-७ लच्कास्थित सडकमा ना ।६ ख ५४९ नम्बरको ट्रकले ना ।२९ प १२६० नम्बरको मोटरसाइकललाई गएराति ठक्कर दिँदा हाल नाम, थर, वतन नखुलेका १ जना पुरुषको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते १ जनाको सोही मेडिकल कलेजमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## डुबेर मृत्यु

काठमाडौ । धनुषा, जनकपुर उपमहानगरपालिका-१ बस्ने राजु मेस्तरकी छोरी ८ वषीया मिठु मेस्तरको सोही उपमहानगरपालिका-९ स्थित रुमकमणि पोखरीमा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ ।

उक्त पोखरीमा कपडा धुन गएको अवस्थामा डुबेर गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । कपिलवस्तु, महाराजगंज नगरपालिका-७ घर भएका सवनम मुसलवानको छोरा ८ वषीय महोम्मद सहिलको पोखरीमा डुबेर आइतबार साँझ मृत्यु भएको छ । मायादेवी गाउँपालिका-१ बरीहियास्थित मामाघरमा आएको अवस्थामा मामाघर पछाडि रहेको पोखरीको छेउमा खेल्ने क्रममा डुबेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

# Monumental Edifice Symbolic of New Turn in Promotion of Korean-style Socialist Civilization Inauguration Ceremony of Songhwa Street Held with Splendor

## Respected Comrade Kim Jong Un Cuts Inaugural Tape






An ideal street for the people has been erected majestically in Songsin and Songhwa areas of the capital city of Pyongyang to demonstrate the high spirit and remarkable creativity of the Korean people, who are vigorously advancing toward the brighter future of Korean-style socialism under the leadership of the great Workers' Party of Korea (WPK), and to represent the rapid development of the country dashing toward the attainment of a grandiose goal.

Songhwa Street, built in the eastern gateway to Pyongyang under the unique architectural development plan of the Party Central Committee and the plan for building 50 000 flats in Pyongyang set forth at the 8th Congress of the Party, is an outcome of the WPK's long-cherished desire to provide the people with more stable and civilized living conditions and successfully resolve the housing shortage of capital citizens.

The street is, at the same time, the first entity symbolic of the new era of comprehensive development seething with great creation and changes.

True to the high intention of the Party Central Committee to turn Pyongyang better into the center of disseminating the Juche idea, Juche-oriented culture and Korean-style high civilization and into the great city of the people, the soldiers and civilians involved in the project performed an eye-opening miracle of building the distinctive grand architectural group of 10 000 flats, including an 80-storeyed skyscraper, within a year by waging a strenuous onward campaign, the fierce 24/7 struggle, despite manifold challenges and trials.

Through the construction of the street which opened a new turning point of development in the capital city construction, our people and servicepersons fully demonstrated the validity of the Party's Juche-oriented idea on architectural beauty, the potentiality of the self-supporting economy and the irresistible might of the single-hearted unity of the Party and the masses and vividly showed the true picture of Korean-style socialism vigorously advancing toward the bright future.

An inauguration ceremony of the street was held with splendor on Monday.

**Kim Jong Un**, general secretary of the WPK and president of the State Affairs of the Democratic People's Republic of Korea, attended the ceremony.

When he arrived at the ceremonial venue, fireworks were set off and the participants broke into thunderous cheers of "Hurrah!"

All the participants cheered enthusiastically as a token of their deep reverence for the respected General Secretary **Kim Jong Un** who set the people-first principle as the eternal political idea and unshakable political mode of the WPK and has dedicated himself to building an ideal socialist society brimming with the laughter and happiness of the people.

Present at the ceremony were Jo Yong Won, member of the Presidium of the Political Bureau and secretary for Organizational Affairs of the WPK Central Committee, and Kim Tok Hun, member of the Presidium of the Political Bureau of the WPK Central Committee, vice-president of the State Affairs Commission of the DPRK and premier of the Cabinet.

Also attending it were Ri Il Hwan, secretary of the WPK Central Committee, Kim Yong Hwan, chief secretary of the Pyongyang City Committee of the WPK, members of the headquarters for the construction of 50 000 flats in Pyongyang, officials from Party and power organs in the capital city, soldier- and civilian-builders and Pyongyangites.

The participants also included the working people, students and children who are to live in the new street of the people successfully completed under the leadership of the WPK.

The ceremonial ground was filled with absolute trust and fervent admiration for the Party Central Committee that vigorously leads the people to a new era of creation and miracles, bringing all their dreams and ideals into brilliant fruition.

The national anthem of the DPRK was solemnly played.

Kim Tok Hun addressed the ceremony.

There are many splendid inauguration ceremonies recorded in our Republic's history of grand construction for promoting the well-being of the people but this event is associated with many touching stories that are really unforgettable and should not be forgotten, the speaker said, adding that the Songhwa area is the monument to the great love which was erected by the strong faith that the things desired and anticipated by the people must be done without fail in any situation.

He expressed belief that the Pyongyangites moving into new houses amid the blessings of the whole country would always remember this eventful moment and dedicate their all to the prosperity of the country.

The respected Comrade **Kim Jong Un** cut the inauguration tape.

Fireworks were let off and balloons released and all the participants raised stormy cheers of "Hurrah!" with deep gratitude to the respected General Secretary who builds a land of bliss for the people with his warm love, repeatedly showing great benevolence for them.


The respected General Secretary warmly waved back to them, wishing them happiness in a new street and new houses.

The ground of the inaugural ceremony was flooded with the great excitement of the capital citizens, who could hardly repress their deep gratitude to the tender-hearted father for his benevolence as warm as sunlight in spring, looking up to him with tears in their eyes.









The respected General Secretary warmly waved back to the cheering crowds for a long time, sincerely wishing our people a happy and highly civilized life in their modern dwellings.

At the end of the ceremony, Party and government cadres looked around the street.

Seeing the imposing 80-storeyed sky-scraper, an elevated bridge, public catering facilities, they more keenly realized that every moment and day spent for putting great ideas into practice by the respected General Secretary, who continues his journey of devoted service for the people, unhesitatingly going through thick and thin for their sake, have resulted in providing the cornerstone of the country's prosperity and adding glory to the new era of the Workers' Party when the whole country is overflowing with the people's happiness.

Walking along the new street symbolic of high civilization, the blessed citizens unanimously said our Party, state, world and policy are the best, out of their irrepressible gratitude toward the motherly Party which willingly burdens itself for the sake of the people with a heavy duty in the harshest-ever time.

More deeply realizing the immutable truth that victory, glory, happiness and a rosy future are in store for them when they firmly trust and follow the respected General Secretary, they firmly pledged to take the lead in creating new things and making innovations and become the performers of feats in the honorable and proud struggle for the prosperity and development of the country.



Songhwa Street, which has been erected by the noble intention of the WPK that confidently brings earlier a new world and era of a prosperous and powerful nation under the uplifted banner of "The People Are God", the single-minded unity and self-reliance, will shine forever as a monument to the warm love for the people in the great era of **Kim Jong Un** along with the rosy morrow of the capital city of Pyongyang which will be transformed into a more magnificent city.

## अब...

सातामा दुई दिन सार्वजनिक बिदा दिने कार्कीले निर्णयहरू सार्वजनिक गर्ने क्रममा भने । सरकारले हप्तामा दुई दिन बिदा दिने भएपछि शेयर बजारलाई समेत बिदाले असर गर्ने भएको छ। तर नेपाल स्टक एक्सचेन्ज(नेप्से)ले भने लगानीकर्तालाई कारोबारबाट वञ्चित नगर्ने गरी व्यवस्था गर्ने जनाएको छ। नेप्सेका अनुसार सरकारले निर्णय गरे अनुसार नै नेप्से शनिबार र आइतबार बन्द हुने छ। तर आइतबारदेखि बिहीबारसम्म हुँदै आएको कारोबारलाई सोमबारदेखि शुक्रबारसम्म सारिने छ। यसअघि हप्तामा पाँच कारोबार दिन हुँदै आएको कारोबार जेठ पछि पनि पाँचै दिन हुने छ।

सरकारले किन एकाएक दुई दिन सार्वजनिक बिदा दिएको भन्ने विषयमा केही खुलाएको छैन। यद्यपि पछिल्लो समय बढ्दै गएको आयात र घट्दै गएको विदेशी मुद्राको संचितिमा आइरहेको कमीलाई नियन्त्रण गर्न उक्त निर्णय गरिएको हुन सक्ने अनुमान गरिएको छ।

पछिल्लो समय पेट्रोलियम पदार्थ आयात बढ्दै गएकोले खर्च न्यूनीकरण गर्न सरकारले उक्त कदम चालेको अनुमान सर्वसाधारणको छ। यस अघिदेखि नै हप्तामा दुई दिन बिदा दिनु पर्ने आवाज उठिरहेको भए पनि उक्त विषयमा सरकारले चासो दिएको थिएन। तर विदेशी मुद्रा संचितिमा तत्कालै सुधार आउने छाँट सरकारले नदेखेपछि तत्कालको लागि यस्तो उपाय लगाएको बुझिएको छ।

## अनुशासन...

पार्टीको जन्म भयो। 'पार्टीको अस्तित्व र सिद्धान्तसँग प्रधानमन्त्री पद साट्ने' कोसिसमा नेपाली कांग्रेसका सभापति देउवा पाचौँपटक प्रधानमन्त्री भए। कांग्रेसको संस्थापन देउवा गुट गठबन्धनको विषाक्त झोलमा ढुक्कसँग बगिरहेको दुर्दशा नै आज नेपाली कांग्रेस र यसले वरण गरेका शाश्वत मूल्य, मान्यता, सिद्धान्त र संस्कारको पराजय हो।

साथै कांग्रेसका त्यागी, निःस्वार्थ र निष्ठावान कार्यकर्ताहरूको चिन्तापूर्ण संवेदनशीलता हो। प्रधानमन्त्री देउवा पार्टीइतरका अदृश्य र तिलश्मी दबाब र अनिवार्यताको विवश बन्दी बनेको गतिविधिद्वारा प्रष्ट भइरहेको छ। जनता, कार्यकर्ता र विद्वत् वृत्तमा हिजोको उत्साह आज निरासामा परिणत हुँदै गएको छ। कम्युनिस्ट ध्रुवीकरण र फुट भइरहेको वर्तमान अवस्थामा सिद्धान्तहीन अपवित्र चुनावी गठबन्धन बोक्दा लोकतान्त्रिक शिविर प्रतिरक्षात्मक तथा किंकर्तव्यविमुढ अवस्थामा पुग्नु दीर्घकालीन दृष्टिकोणले साह्रै दुःखद परिस्थिति हो।

कांग्रेसको निर्णायक जनाधार भएको परिस्थितिमा पनि सभापति देउवा जनमतलाई लत्याएर गठबन्धन-सत्ताकै लागि मरिहत्ते गरिरहेका छन्। त्यसैले गर्दा उनी आज आफ्नै निर्वाचन क्षेत्रको गृह जिल्ला डडेलधुरामा नै जोखिमपूर्ण र प्रतिरक्षात्मक परिस्थिति भोगिरहेका छन्। डडेलधुरामा देउवाको दुर्दशाको अन्य संस्करण विभिन्न जिल्लामा देखापरिरहेको छ र गठबन्धन र स्थानीय निर्वाचन कांग्रेसका लागि महँगो हुँदै गएको छ।

खिएर ख्याउटे भइसके पनि माओवादी पार्टी २०६३ सालदेखि नै कांग्रेसमाथि हावी भइरहेको छ। अध्यक्ष प्रचण्डका समकालीन माओवादी पार्टीका प्रायः संस्थापक नेताहरू आज उनीसँग छैनन्। कांग्रेस र एमालेसँग पालैपालो टाँसिएर हुर्मत जोगाउन उनी सत्तामा खेल्दै आएका छन्।

अठार हजार नेपालीको ज्यान खाएको कथित 'जनयुद्ध' मानवता विरोधी अपराध न्यायिक रूपले पनि सावित हुने खतराबाट उनी सदैव पिरोलिरहेका देखिन्छन्। चरित्र र नियत उदाङ्ग भइसकेको छ। मञ्चमा उभिएर ठूला आदर्शका आडम्बरी गफ हाँक्ने तर व्यवहारमा त्यसको ठीक विपरीत गतिविधि अपनाउने प्रचण्ड चरित्र नेपाली राजनीतिको एउटा विशेषता भएको छ, जसलाई जनताले 'धोकेवाज ध्वनि' भनेर चिन्ने गरेका छन्।

माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पार्टी एमालेभित्रको महाभारतमा कौरव र पाण्डवको वैमनष्य र अन्ततः कुरुक्षेत्रको युद्धमा पुगेको जस्तै महाकलहको परिणाम हो। आजको एमाले हिजो करिब दुई तिहाइ समर्थनको सरकार हुँदाको दम्भ, अहंकार, स्वेच्छाचारिता र तानाशाही चरित्रको एउटा परिणाम हो, नेकपा (एकीकृत समाजवादी) पार्टीको जन्म। मनोवृत्तिगत अनेक कमजोरीमा माधव-झलनाथ पक्ष पनि कम छैन। आखिर तिनै दुईपक्षीय कमजोरीको भिडन्तले पार्टी दोस्रो पटक फुट्न गयो। पार्टी फुट्नु नेतृत्वमा बसेकाहरूको नैतिक असफलता र नालायकीको द्योतक हो।

अरू तीन प्रमुख नेताहरू त केपी शर्मा ओलीले गरेको भ्रमको खेतीलाई असत्य सावित गर्ने क्षमता पनि देखाउँदैनन्। यसको नाजायज लाभ एमालेको खातामा गइरहेको देखिन्छ।

प्रधानमन्त्री देउवा जनतासमक्ष आफ्ना कुरा प्रभावकारी तरिकाले राख्नै सक्दैनन् र बोलेका कुरा जनताले बुझ्न पनि सक्दैनन्। उनको विशेषता भन्नु नै देश र आफ्नो पार्टी (कांग्रेस) को स्वाभिमान र मर्यादालाई तिलाञ्जली दिएर कुर्सीमा टिकिरहनु हो।

धेरैवटा गल्ती गरे पनि गिरिजाप्रसाद कोइराला यसरी कहिल्यै प्रस्तुत भएनन्। एमाले अध्यक्ष ओली पनि सस्तो र बेइज्जतिपूर्ण तरिकाले उपस्थित नभएर देशको स्वाभिमानप्रति सचेत देखिए। लोकतन्त्रको विगत १६ वर्षको अवधिमा मुलुकको कायापलट भइसक्नुपर्नेमा चुनावी गठबन्धन पक्ष वा प्रतिपक्ष उपरोक्त प्रवृत्तिका कुनै नेताले पनि जनताको समृद्धि र स्थानीय विकासका लागि आफ्ना संकल्प र प्रतिबद्धता व्यक्त गरेका छैनन्।

सत्तारुढ गठबन्धनको बैठक भागबन्डा र नेता वा निजको नातागोताको व्यवस्थापनमा र नेताहरूको भाषण आरोप-प्रत्यारोप र गालीगलौजमा समय बित्ने गरेको देखिन्छ। यसरी पार्टी चलाउन खोज्नु आफैंमा निरीहता र विडम्बनाको द्योतक हो। निर्वाचनको बेलामा मतदाताले यसको एकएक हिसाब-किताब खोज्नुपर्ने हो। मुलुकलाई जोगाउने हो भने राजनीतिक दलहरूले आफ्ना धारणालाई सच्याएर देश र जनताले भोगिरहेका वास्तविकताबारे इमानदारीपूर्वक नयाँ समीक्षा र नयाँ मूल्याङ्कन गर्दै अनुकूलता र एकताको स्वस्थ वातावरण निर्माण गर्नु जरुरी भइसकेको छ।

## कालोसूचीमा...

आजै अपरान्हसम्म आयोगले यसअघि बन्दसूचीमा रहेका उम्मेदवारहरूको नाम हटेमा मनोनयनपत्र स्वीकार गर्ने तयारी निर्वाचन अधिकृतहरूको तयारी छ।

निर्वाचन आयोगले विभिन्न अपराधमा संलग्न भएर दोषी ठहर भएका तर कैद भुक्तान नभएका, विभिन्न कसुरहरूका कारण कालोसूचीमा परेका लगायतको सूची तयार पारेको थियो। करिव ४० हजार जनाको त्यो सूची सफ्टवेयरमा इन्ट्री गर्न नभ्याएपछि आयोगले पेनड्राइभमा राखेर त्यो सूची हरेक निर्वाचन अधिकृतलाई पठाएको थियो।

## चक्रपथको...

आयोजना प्रमुख मेघराज मरासिनीले स्वयम्भूमा पुरातात्विक सम्पदाका कारण मापदण्डअनुसार नै नहुने देखिएको जनाउँदै सम्पदाको हकमा 'कन्सिडरेसन' हुने देखिएको बताएका छन्। उनले चिनियाँ सम्पदाको हकमा चिनियाँ पक्ष पनि सकरात्मक रहेको बताएका छन्।

चक्रपथ विस्तारअन्तर्गत दोस्रो सडकखण्डमा नेपालले पहिला साइट क्लिअर अर्थात् रुख, पोल र ढल हटाउनुपर्ने सम्झौतामा उल्लेख छ। त्यसपछि मात्र चिनियाँ पक्षले सडक विस्तार गर्ने सम्झौतामा उल्लेख छ। जसअनुसार चक्रपथको चौडाइ बीचबाट दुवैतर्फ २५-२५ मिटर हुनुपर्नेछ। थप ६-६ मिटरमा नेपालले सर्भिस ट्र्याक बनाउनुपर्ने हुन्छ।

चिनियाँ पक्षको यसअघिको स्थलगत निरीक्षणको क्रममा शतप्रतिशत साइट क्लिअर नभएपछि चिनियाँ पक्षले सडक विस्तारको काम सुरु गर्न आनाकानी गर्दै आएको थियो।

चार सदस्यीय चिनियाँ प्राविधिक टोलीले विस्तार गरिने कलंकीदेखि महाराजगन्जसम्मको करिब ८.५ किमी सडकको स्थलगत अध्ययन गरेर साइट क्लिअर भएको प्रतिवेदन चीनको हेनान प्रोभेन्सियल कम्युनिकेसन प्लानिङ सर्भे एन्ड डिजाइन इन्स्टिच्युट कम्पनीलाई दिएसँगै कम्पनीले काम थाल्ने जनाइएको थियो। तर, चिनियाँ प्राविधिक टोली निरीक्षणपछि विस्तार गरिने सडकको साइट क्लिअर नभएको रिपोर्ट बोकेर फर्कन बाध्य भएको थियो।

सम्झौताअनुसार नेपाल पक्षले साइट क्लिअर गरेर विस्तारका लागि चिनियाँ पक्षलाई जिम्मा दिनुपर्नेमा नेपाल पक्षले शतप्रतिशत साइट क्लिअर गर्न नसक्दा चक्रपथ विस्तारको काम नै अघि बढ्न नसकेको हो। अब साइट क्लिअरको काम सम्पन्न भएकाले चिनियाँ पक्ष आएसँगै काम अघि बढ्ने भएको छ। तर, वर्षा सुरु हुन लागेकाले वर्षाअघि नै आयोजनाको काम सुरु हुने सम्भावना कमजोर बन्न थालेको छ। आयोजना प्रमुख मरासिनी पनि अब वर्षापछि नै आयोजनाको काम सुरु हुने सम्भावना बढी रहेको बताउँछन्।

## राष्ट्रिय...

अजरबैजान, जर्जिया, चेच्न्या, आदिले भोगेको पीडा जातीय उन्मादकै कारण उत्पन्न भएको हो। राष्ट्रिय पहिचान बिर्सेर जातको पहिचान खोज्दा करोडौं जनताको बेहाल भएको छ।

आइरिस द्वन्द्वबारे लामो अध्ययन गरेका सहप्राध्यापक जोन कुकलीले जातीय पहिचानको उग्र भावनालाई मत्थर पार्न राष्ट्रवादले सहजकर्ताको धरातल निर्माण गर्ने तर्क दिएका छन्। सन् १९२२ देखि ब्रिटेनसँग युद्ध गरेका आइरिसहरूले भोगेको पीडाको चित्रण गर्दै उनले अन्ततः राष्ट्रिय पहिचानको धरातलमा भीषण युद्ध टुंगिएको बताएका छन्।

यता नेपालका माओवादीले भने राष्ट्रिय स्वाभिमानका नाममा कथित जनयुद्ध सुरु गरेर अठार हजार जनता र पचासौं अर्ब राष्ट्रिय सम्पत्ति खरानी बनाए। अन्ततः विदेशी शक्तिसँग मिलेर जातीय राज्यलाई बाइसे चौबीसे राज्यका रुपमा स्थापना गर्न खोजे। संघीयताको नारा र गणतन्त्रको नाटक त्यही षड्यन्त्रका लागि हो। पृथ्वीनारायण शाहको विरोध इसाईहरू रिझाउनका लागि मात्र हो।

डा.सन् यत् सेन, तोदो हिदेको, यासेर अराफात, फ्रान्सिस्को फ्रान्को, च्याङ् काइ सेक आदिलाई इतिहासकारहरूले राष्ट्रिय पहिचानका लागि संघर्ष गर्ने राष्ट्रवादी नेता भनेका छन्। तर नर्वेका भिड्कुन अब्राहम क्विजलिङ जस्ता राष्ट्रघाती पनि थिए, जसले आफ्नै देशमाथि जर्मनीको हमला गराएर राजा हाकोनलाई कैदी बनाए र आफू प्रधानमन्त्री भए। उनलाई आज पनि राष्ट्रघाती (ट्रेटर) भनेर घृणा गरिन्छ।

सुन्दर इतिहास बनाउने मौका पाएर पनि नेपालका नेताहरू 'ट्रेटर' बनेका छन्। यसमा एमाले, कांग्रेस र तराईकेन्द्रित दलका कतिपय पार्टी पदाधिकारी, अगुवा कार्यकर्ता आदि पनि पर्छन्। जनताले यी राष्ट्रघातीहरूकै एजेन्डा स्वीकार गर्ने हो भने राष्ट्र बचाउँछ कसले ? विदेशी षड्यन्त्रहरूको पर्दाफास गर्छ कसले ? स्वाभिमानको लडाइँ हाक्छ कसले ? राष्ट्रियताको रक्षा गर्छ कसले ?

राष्ट्रवादी कवि नवराज कार्कीले एउटा गीत लेखेका छन्- 'करोड मुटुहरूको एउटै धुकधुकी नेपाल, न तिमी हुन्छौ न म नै हुन्छु नभए नेपाल।' गीत सुन्दा राष्ट्रवादीहरूको आँखा रसाउँछ। भावशून्य बन्छन् स्रोता तर राष्ट्रघातीहरूलाई प्रबल राष्ट्रिय भावनाले कहिल्यै स्पर्श गर्दैन। उनीहरू राष्ट्रियता, राष्ट्रवाद र राष्ट्रिय पहिचानको अर्थ बुझ्दैनन्।

आधारभूत चरित्र (बेसिक क्यारेक्टर) तथा राष्ट्रिय पहिचान एक अर्काका पूरक हुन्। जंगलमा हराएको स्यालको बच्चालाई एउटी बघिनीले आफ्नै दूध खुवाएर पालिछ। अलि ठूलो भएपछि बघिनीका अरु सन्तानले त्यसलाई पनि सिकार खोज्न लगेछन्। जंगलमा हात्ती, गैंडा लगायतका अनेकौं जन्तुहरू देख्दा स्यालको बच्चा साह्रै डराएछ। साँझमा बघिनीका सन्तानले आमालाई सबै कुराको बेलिविस्तार लगाएछन्। बघिनीले भनिछ- 'मेरो दूध खाँदैमा यो स्यालको छाउरामा हिम्मत आउँदैन। यसलाई आजै जंगलबाट निकालिदिन्छु।'

नक्कली नागरिकता लिएका र विदेशीका दास बनेकाहरू पनि त्यस्तै हुन्। नेपाल आमाले शरण दिँदैमा ती खाँटी नेपाली हुन सक्दैनन्। नेपाली हुन नेपाललाई माया गर्नुपर्छ। राष्ट्रवादी हुनैपर्छ।

## भैरहवामा...

अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेर करिब ४५ मिनेटको उडानपश्चात् गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुनेछ। प्राधिकरणका अनुसार आजदेखि नै तराई क्षेत्रका आन्तरिक विमानस्थल दैनिक १८ घण्टा सञ्चालन हुँदैछन्।

गौतमबुद्ध विमानस्थलमा पनि दैनिक १८ घण्टा र आगामी जेठ २ गतेदेखि २४ घण्टा अन्तर्राष्ट्रिय व्यावसायिक उडान सञ्चालन हुनेछ। महानिर्देशक अधिकारीले राष्ट्रिय गौरवको आयोजना सम्पन्न भएर पूर्ण कार्यान्वयनमा आएको पहिलो आयोजना भएको बताए। नेपालमा अर्को अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र विश्वभरका एयरलाइन्सले उडान गर्न सक्छन् भन्ने सन्देश प्रवाह गर्न पनि वाइडबडी जहाजबाट 'अप्रेसनल पर्फमेन्स टेस्ट फ्लाइट' परीक्षण उडान गर्न लागिएको हो।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको बहुप्रतिष्ठित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल गत जेठ ८ गतेदेखि विधिवत रूपमा सञ्चालनमा आइसकेको छ। यद्यपि यो विमानस्थलमा आगामी जेठ २ गते बुद्धपूर्णिमाका दिनदेखि नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन हुनेछ। जजिरा एयरले उडान अनुमति लिएर आवश्यक तयारी गरिरहेको छ। अन्य एयरलाइन्सले पनि विमानस्थलबाट उडान भर्न चासो देखाएका छन्। गौतमबुद्ध विमानस्थलमा न्यारोबडी र वाइडबडी जहाजले उडान-अवतरण गर्नेछन्। यो विमानस्थलमा यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) सम्पन्न भइसकेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलकै क्षमतामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुने प्राधिकरणले जनाएको छ। गौतमबुद्ध विमानस्थल रूग्ण अवस्थामा पुगेर चाँडो प्रगति हासिल गरेको आयोजना हो। राष्ट्रिय गौरवका आयोजनामध्ये चाँडो प्रगति हासिल गर्ने नमूना आयोजना भएको प्राधिकरणको बुझाइ छ। सन् २०१७ डिसेम्बरभित्र निर्माण सक्ने गरी सन् २०१५ को सुरूमा थालनी भएको विमानस्थलको काम बीचमा ठेकेदार कम्पनीको लापरबाहीले अवरोध भएको थियो।

पछिल्लोपटक सन् २०२० को मार्चसम्म निर्माण सक्ने योजना रहे पनि कोभिड महामारीका कारण करिब पाँच वर्षपछि विमानस्थल व्यावसायिक रूपमा सञ्चालनमा आएको हो। विमानस्थल चिनियाँ निर्माण कम्पनी नर्थवेस्ट सिभिल एभिएसन कन्स्ट्रक्सन ग्रुपले निर्माण गरेको हो। एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण भएको यो आयोजनाको पहिलो चरणमा करिब ११ अर्ब रुपैयाँ खर्च भएको प्राधिकरणले जनाएको छ। अब दोस्रो चरणको टर्मिनल भवन पनि छिट्टै निर्माण प्रक्रिया अघि बढाइने छ।

कूल ४५ मिटर चौडाइ र तीन हजार मिटर लामो धावनमार्गको यो विमानस्थललाई व्यावसायिक सञ्चालनमा आउँदा हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप न्यूनीकरण हुने विश्वास लिइएको छ। बढ्दो हवाई उडान चाप व्यवस्थापनका लागि प्राधिकरणले अन्तर्राष्ट्रिय विमानस्थललाई २४ सै घण्टा सञ्चालन गर्ने तयारी गरेको हो। टिआइएसहित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि अब २४ सै घण्टा सञ्चालन हुने प्राधिकरणले जनाएको छ।

## १० वस्तु...

सीसीभन्दा माथिका मोटरसाइकल, सबै प्रकारका खेलौनाहरू, खेल्ने तास आदि रहेका छन्। आयात बन्द गरिएका वस्तुको कच्चा पदार्थ आयातमा भने रोक नलगाउने सरकारले जनाएको छ। सरकारले बन्देज लगाएका वस्तुहरू नेपालस्थित कुटनीतिक नियोगले आफ्नै प्रयोजनका लागि आफैंले पैठारी गर्न भने बाधा नपर्ने जनाएको छ। वैशाख १३ गतेभन्दा अघि बैंकिङ च्यानलबाट पैठारीको प्रक्रिया सम्पन्न भइसकेकाहरूको हकमा भने यो व्यवस्था लागू नहुने मन्त्रालयको भनाइ छ।

## ६ खर्बको...

कार्यालयलगायतमा धर्नासमेत दिएका थिए। सार्वजनिक खरिद नियमावलीको ११औं संशोधनमा दर रेट फरक राखेर साना निर्माण व्यवसायी विभेद गरिएको उनीहरूको महासंघले जनाउँदै आएको छ।

सरकारले विकास खर्च गर्न नसकिरहेको अवस्थामा निर्माण व्यवसायीको आन्दोलनले विकास खर्चमा झनै समस्या पर्ने देखिएको छ। प्रतिस्थापन विधेयकका कारण समयमा बजेट कार्यान्वयन नभइरहेको अवस्थामा व्यवसायीले निर्माण क्षेत्रमा हडताल थालेका हुन्। नौ महिना पुग्दा पुँजीगत खर्च २८.३५ प्रतिशत मात्रै रहेको छ। चालू आर्थिक वर्षका लागि ३ खर्ब ७८ अर्ब विकास बजेट छुट्याएकोमा हालसम्म १ खर्ब ७ अर्ब रुपैयाँ मात्रै खर्च भएको छ।

कतिपयले भने सत्तारूढ दल समर्थक निर्माण व्यवसायीबाट नै हडताल हुनुमा मिलेमतोमा गरिएको आन्दोलन भनेरसमेत आलोचना गरिएको पाइएको छ।

प्राविधिक रूपमा पहिला नै टेन्डर भएको आयोजनालाई मूल्यवृद्धिका आधारमा थप रकम दिन नमिल्ने भएपछि हडताल गरेर मूल्य बढाउन आन्दोलन गरिएको टिप्पणी हुने गरेको छ।

महासंघको अध्यक्षमा रवि सिंह नेपाली कांग्रेसकै नेता भएको र कांग्रेस नेतृत्वमा नै रहेको सरकारको विरुद्ध आन्दोलन गर्नुले आन्दोलन गरेजस्तो गरेर मूल्यवृद्धि गराउन खोजिएको आरोपसमेत लागेको छ। यसअघि, पनि अप्रत्याशित रूपमा मूल्यवृद्धि हुँदा २०६५ सालमा मूल्य समायोजन मार्गदर्शन-१ जारी गरेर निर्माण कार्यलाई निरन्तरता दिइएको उदाहरणसमेत रहेको छ।

## थोरै...

६ महानगरमध्ये एमालेले चितवनको भरतपुरमा राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपासँग उपमेयरमा तालमेल गरेको छ। त्यस्तै, वीरगन्ज महानगरपालिकामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई उपमेयर दिएर एमालेले मेयरमा तालमेल गरेको छ। ११ वटा उपमहानगरपालिकामा एमालेले कतै पनि प्रमुख पदमा तालमेल गरेको छैन। चितवनकै माडी नगरपालिकामा पनि राप्रपासँगै उपमेयरमा एमालेको तालमेल छ। दुवै पालिकामा एमालेले प्रमुख पद लिएको छ।

प्रदेश १ को एक सय ३७ स्थानीय तहमध्ये दशवटा स्थानीय तहको प्रमुखमा एमालेले महिलालाई उम्मेदवार बनाएको छ। धरान उपमहानगरपालिकाको मेयरमा एमालेबाट मञ्जु भण्डारी उम्मेदवार छिन्। त्यस्तै, प्रदेश १ कै इच्छाकुमारी, सिद्धिकुमार र दमक नगरपालिकामा एमालेले महिलालाई मेयरमा उम्मेदवार बनाएको इन्चार्ज देवराज घिमिरेले जानकारी दिए। विराटनगर महानगरपालिकामा एमालेबाट सागर थापा मेयर र शिल्पा कार्की उपमेयरको उम्मेदवार छन्। विराटनगरमा एमालेको पक्षमा राम्रो माहोल सिर्जना भएको इन्चार्ज घिमिरेले दाबी गरे।

विराटनगर महानगर, इटहरी र धरान उपमहानगरमा एमालेले कतै पनि तालमेल गरेको छैन। त्यस्तै, ३९ नगरपालिकामा पनि तालमेल छैन। बाँकी गाउँपालिकामध्ये पाँचथरको फाल्गुनन्द गाउँपालिकामा उपाध्यक्ष जनता समाजवादीलाई दिएर एमालेले अध्यक्षमा तालमेल गरेको छ।

एमालेले मधेस प्रदेशका एक सय ३६ वटै स्थानीय तहको प्रमुख पदमा उम्मेदवारी दिएको प्रदेश सचिव डा. कृष्ण पौडेलले जानकारी दिए। वीरगन्ज महानगरपालिकाको उपमेयर भने एमालेले लोसपालाई दिएर तालमेल गरेको छ। कलैया र जितपुर-सिमरा उपमहानगरमा एमालेले तालमेल गरेको छैन। सचिव पौडेलले उम्मेदवारी फिर्ता गर्ने समय अझै बाँकी रहेकाले स्थानीय आवश्यकताअनुसार तालमेलको सम्भावनालाई नकार्न नसकिने बताए।

८५ वटा स्थानीय तह रहेको गण्डकी प्रदेशमा एमालेले सबै पालिकाको प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिएकोमा एक पालिका उपप्रमुख निर्विरोध निर्वाचित भएका छन्। मनाङको नार्पाभूमि गाउँपालिकाको उपाध्यक्षमा मिङमार फुन्चोक लामा सर्वसम्मत निर्वाचित भएको प्रदेश अध्यक्ष नवराज शर्माले बताए। पोखरा महानगरपालिकामा एमाले एक्लै सत्तारुढ गठबन्धनसँग प्रतिस्पर्धामा छ।

२६ नगरपालिका र बाँकी गाउँपालिकामा पनि एमालेले कतै पनि तालमेल गरेको छैन। त्यस्तै, मुस्ताङको लोघ्याकर गाउँपालिकामा तीन वडामा वडाध्यक्षसहित सदस्यहरू निर्विरोध निर्वाचित भएको र घरपजङ गाउँपालिकाको एक वडामा वडाध्यक्षसहित सदस्यहरू निर्विरोध निर्वाचित भएको अध्यक्ष शर्माले जानकारी दिए।

लुम्बिनीका एक सय नौ स्थानीय तहमध्ये बुटवल, घोराही, तुलसीपुर र नेपालगन्ज चार उपमहानगरपालिका छन्। त्यस्तै, ३२ वटा नगरपालिका र ७३ गाउँपालिका छन्। तीमध्ये रुकुमपूर्व र रोल्पामा कांग्रेस र नेत्रविक्रम चन्द नेतृत्वको नेकपा र गुल्मीमा माओवादी केन्द्र पनि एमालेसँगको तालमेलमा जोडिएका छन्। गठबन्धन दलले विपक्षी एमालेसँग तालमेल नगर्ने निर्णय गरे पनि स्थानीय तहमा भने स्थानीय पार्टीहरूले उल्लंघन गरेका छन्।

गुल्मीको कालीगण्डकीमा माओवादी केन्द्रले सूर्य चिह्नमा लड्ने गरी उपाध्यक्ष लिएर एमालेको अध्यक्षलाई मत दिने सहमति गरेको छ। धुर्कोट गाउँपालिकामा भने अध्यक्ष माओवादीलाई दिएर उपाध्यक्ष एमालेले लिएको छ। माओवादीले अध्यक्ष लिएको गाउँपालिकामा भने एमाले आफ्नै सूर्य चिह्नबाट लड्ने कँडेलले बताए।

रोल्पाको माडीमा अध्यक्ष एमाले र उपाध्यक्ष कांग्रेसले, त्रिवेणीमा अध्यक्ष एमालेले र उपाध्यक्ष कांग्रेसले लिने सहमति भएको छ। विप्लव, कांग्रेस र एमालेको त्रिपक्षीय तालमेलमा विप्लव नेतृत्वको नेकपालाई सुनसहरी गाउँपालिका अध्यक्ष दिने सहमति भएको छ। त्यहाँ उपाध्यक्ष कांग्रेस र बहुमत वडा एमालेले लिने सहमति छ। नवलपरासीको बर्दाघाट नगरपालिकामा जनमुक्ति पार्टीले एमालेको सूर्य चिह्नमा उपमेयर लड्दै छ भने त्यहाँ एमालेले मेयर लिएको छ।

एमाले कर्णाली प्रदेश इन्चार्ज यामलाल कँडेलका अनुसार कालिकोटका स्थानीय तहमा एमाले र माओवादी केन्द्रबीच तालमेल भएको छ। त्यस्तै, डोल्पाका कतिपय गाउँपालिकामा नेकपा एसले पनि एमालेसँग तालमेल गरेको र हुम्लामा एससँगै तालमेलको प्रयत्न भइरहेको कँडेलले बताए। कर्णालीका ७९ स्थानीय तहमध्ये २५ नगरपालिका छन्। एमालेले ७७ वटा स्थानीय तहमा उम्मेदवारी दिएको छ। डोल्पाको सेफोक्सुन्डो गाउँपालिका अध्यक्ष एमालेबाट निर्विरोध निर्वाचित भएका छन्।

सुदूरपश्चिम प्रदेशका ८८ वटै स्थानीय तहको प्रमुख र उपप्रमुखमा एमालेले उम्मेदवारी दिएको छ। धनगढी उपमहानगरपालिकामा एमाले गठबन्धनसँग एक्लै प्रतिस्पर्धामा छ। प्रधानमन्त्री शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुराका सातवटै स्थानीय तहमा एमालेले विद्रोही कांग्रेसका उम्मेदवारसँग तालमेल गरेको प्रदेश अध्यक्ष दामोदर भण्डारीले जानकारी दिए। डडेल्धुरामा एमालेले चार अध्यक्ष लिएर तीन उपाध्यक्ष कांग्रेस बिपी समूहलाई छाडेको छ। त्यस्तै, तीन प्रमुख कांग्रेस बिपीले लिएको छ। बैतडीको सुरनैया गाउँपालिकामा उपाध्यक्ष राप्रपालाई दिएर एमालेले तालमेल गरेको छ।

## एकै वडाका चार महिला एउटै पदमा चुनाव लड्दै

काठमाडौं। यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि म्याग्दीको एक स्थानीय तहमा एकै वडाका चार महिलाले अलग-अलग दलबाट एउटै पदमा उम्मेदवारी दिएका छन्। बेनी नगरपालिकाको उपप्रमुखमा एउटै वडाका चार महिलाले उम्मेदवारी दिएका हुन्।

उपप्रमुखमा मनोनयन दर्ता गराएका अमृतदेवी बानियाँ, पशुपति शाही, ज्योति लामिछाने र मुना बानियाँ बेनी नगरपालिका-६ निवासी हुन्। बानियाँले नेपाली कांग्रेसबाट, शाहीले नेकपा (एमाले) बाट, लामिछानेले नेकपा (माओवादी केन्द्र) बाट र मुनाले नेकपा (एकीकृत समाजवादी) बाट उपप्रमुखमा उम्मेदवारी दर्ता गराएका हुन्।

कांग्रेसबाट उम्मेदवार बनेकी अमृतदेवी पार्टीको गण्डकी प्रदेश समिति सदस्य हुन्। विसं २०५४ मा वडा नम्बर ९ अर्थुङ्गेको वडासदस्यमा निर्वाचित हुँदै राजनीति सुरु गरेएकी उनी कांग्रेसको दुई कार्यकाल जिल्ला सदस्य र दुई पटक महाधिवेशन प्रतिनिधि भइसकेकी छन्। साथी संस्था, लायन्स क्लब, महिला स्वयंसेविकालगायतमा रहेर उनले सामाजिक अभियन्ताको रुपमा काम गरिसकेकी छन्।

त्यसेगरी एमालेबाट उम्मेदवार बनेकी शाही पार्टीको जिल्ला कमिटी सचिवालय सदस्य तथा अखिल नेपाल महिला संघको जिल्ला उपाध्यक्ष र अन्तरपार्टी महिला सञ्जालकी जिल्ला अध्यक्ष हुन्। गाउँको सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति, आमा समूहलगायत संघ संस्थामा आबद्ध भई उनी सामाजिक कार्यमा क्रियाशील छन्।

माओवादी केन्द्रबाट उम्मेदवार बनेकी लामिछाने पार्टीको प्रदेश कमिटी सदस्य हुन्। उनले अखिल क्रान्तिकारीबाट राजनीति सुरु गरेकी थिइन्। विसं २०६० देखि राजनीतिमा सक्रिय उनी हाल विभिन्न संघ संस्थामा आबद्ध छन्। लामिछाने यसअघिको निर्वाचनमा उपप्रमुखमा ३४ मतले पराजित भएकी थिइन्। एकीकृत समाजवादीकी उम्मेदवार मुना पार्टीको केन्द्रीय कमिटी सदस्य एवं जिल्ला इन्चार्ज हुन्। विसं २०४८ देखि राजनीतिमा सक्रिय उनी यसअघि एमालेको प्रदेश कमिटी सदस्य थिइन्।

## पति/पत्नी नै प्रमुख र उपप्रमुखका उम्मेदवार

संखुवासभा। खाँदबारी नगरपालिकामा प्रमुख र उपप्रमुख पदमा दम्पतीले उम्मेदवारी दिएका छन्। स्थानीय तह निर्वाचनको लागि खाँदबारी नगरपालिकाको प्रमुख/उपप्रमुख बन्न श्रीमान्-श्रीमतीकै उम्मेदवारी परेको हो। जनता समाजवादी पार्टीले खाँदबारी नगरपालिकाको प्रमुखमा सिताराम तिम्सिना र उपप्रमुखमा मैयाँदेवी चिमरियाको उम्मेदवारी दर्ता गराएका हुन्।

प्रमुख पदका उम्मेदवार बनेका तिम्सिना जनता समाजवादी पार्टीको संघीय परिषद्को केन्द्रीय सदस्य हुन्। पार्टीले जिम्मा दिएपछि श्रीमान्-श्रीमतीले नै एउटै पार्टीबाट एउटै पालिकामा उम्मेदवारी दिएको तिम्सिनाले बताए।

दशकौं लामो राजनीतिमा लागेपछि पनि निर्वाचनमा टिकट नपाएपछि कसैले बागीको बाटो समेत रोजेका छन्। जनता समाजवादीले खाँदबारी नगरपालिकाका लागि गठबन्धन गरेको छ। खाँदबारी नगरपालिका प्रमुखका लागि ३ स्वतन्त्रसहित ९ जनाले उम्मेदवारी दर्ता गराएका छन्।